www.eraptipost.com

“राप्तीको गौरव”

# राप्ती पोष्ट

Rapti Post National Daily

(राष्ट्रिय दैनिक)

वर्ष १६, अंक ०७
असार ०९ मंगलबार, २०८३
23, June, Tuesday, 2026
पृष्ठ ४ मूल्य रु. ५।-

**पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं**

- धारा खुला छोड्ने बानी त्यागौं,
- वर्षाको पानी संकलन र पुनः प्रयोग प्रणाली अपनाऔं,
- नदी, ताल, पोखरी तथा मुहानहरुमा फोहर नफालौं,
- घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं,
- प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं,
- वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं,
- भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं ।

*पानी जीवन हो, यसको संरक्षण हाम्रो कर्तव्य हो ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## घोराहीको बजेट दुई अर्ब ३७ करोड

**●राप्तीपोष्ट समाचारदाता**

घोराही, ८ असार । घोराही उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि दुई अर्ब ३७ करोड १५ लाख २२ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ । उपमहानगरपालिकाकी उपप्रमुख हुमा कुमारी डिसीले सोमबार नगरसभाको १९ औं अधिवेशनमा बजेट वक्तव्य प्रस्तुत गर्नुभएको हो । उहाँले प्रस्तुत गरेको बजेटमा कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, सुशासन तथा सामाजिक सुरक्षालाई प्राथमिकतामा राखिएको छ ।




स्थानीय सरकार सञ्चालन ऐनले परिकल्पना गरेको समृद्ध, आत्मनिर्भर र नागरिकमुखी स्थानीय शासन प्रणालीलाई थप सुदृढ बनाउने उद्देश्यसहित ल्याइएको बजेटले नगरभित्रका आधारभूत सेवा, उत्पादनमुखी क्षेत्र तथा पूर्वाधार विकासलाई विशेष महत्व दिएको छ । नगरपालिकाले आगामी वर्षका लागि चालु तथा पुँजीगत खर्चको स्पष्ट खाका प्रस्तुत गर्दै विकास र सेवा प्रवाहलाई सन्तुलित ढंगले अघि बढाउने लक्ष्य लिएको जनाएको छ ।

बजेट वक्तव्य अनुसार आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोतहरूमध्ये आन्तरिक आयबाट उल्लेख्य रकम परिचालन गरिनेछ । घरजग्गा रजिस्ट्रेशन शुल्क लगायतका आन्तरिक स्रोतबाट प्राप्त हुने आम्दानीलाई बजेटको महत्वपूर्ण आधार बनाइएको छ । उपमहानगरपालिकाले संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान ३१ करोड ५५ लाख रुपैयाँ, संघीय राजस्व बाँडफाँटबाट २५ करोड १६ लाख ३६ हजार रुपैयाँ, संघीय सशर्त अनुदानबाट ७६ करोड ७७ लाख २२ हजार रुपैयाँ, संघीय विशेष अनुदानबाट ४५ लाख रुपैयाँ तथा संघीय समपूरक अनुदानबाट ३० लाख रुपैयाँ प्राप्त हुने अनुमान गरेको छ ।

त्यसैगरी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान दुई करोड १६ लाख इक हजार रुपैयाँ, राजस्व बाँडफाँटबाट दुई करोड ६९ लाख ३१ हजार रुपैयाँ, प्रदेश सशर्त अनुदानबाट एक करोड ४९ लाख ५० हजार रुपैयाँ तथा प्रदेश समपूरक अनुदानबाट एक करोड ५० लाख रुपैयाँ प्राप्त हुने अपेक्षा गरिएको छ ।

यी स्रोतहरूबाट अपुग हुने २० करोड १२ लाख ७४ हजार रुपैयाँ गत आर्थिक वर्षको बैंक मौज्दातबाट व्यवस्थापन गरिने बजेट वक्तव्यमा उल्लेख गरिएको छ । उपमहानगरपालिकाले कुल बजेटमध्ये चालु खर्च र पुँजीगत खर्चको सन्तुलन कायम गर्ने प्रयास गरेको देखिएको छ । बजेट विवरण अनुसार कुल दुई अर्ब ३७ करोड १५ लाख २२ हजार रुपैयाँमध्ये एक अर्ब ३५ करोड ४५ लाख ४५ हजार रुपैयाँ अर्थात् ५६.९३ प्रतिशत चालु खर्च तथा एक अर्ब एक करोड ६९ लाख ७७ हजार रुपैयाँ अर्थात् ४३.०७ प्रतिशत पुँजीगत खर्च विनियोजन गरिएको छ ।

यसले नगरपालिकाले सेवा प्रवाह, कर्मचारी व्यवस्थापन र सामाजिक कार्यक्रमसँगै विकास निर्माणका योजनालाई पनि प्राथमिकतामा राखेको स्पष्ट देखिन्छ । स्थानीय तहहरूमा सामान्यतया चालु खर्चको हिस्सा बढी हुने अवस्थाबीच घोराहीले पुँजीगत खर्चलाई तुलनात्मक रूपमा उच्च राख्न खोजेको देखिन्छ ।

बजेटले कृषि क्षेत्रलाई आर्थिक विकासको मुख्य आधारका रूपमा उल्लेख गरेको छ । कृषिको आधुनिकीकरण, व्यवसायीकरण तथा उत्पादन वृद्धि गर्ने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । कृषि उत्पादन वृद्धि, कृषकको आयस्तर सुधार तथा स्थानीय उत्पादनको बजारीकरणमा बजेट केन्द्रित गरिएको छ ।

घोराही उपमहानगर पालिका कृषि उत्पादनका दृष्टिले लुम्बिनी प्रदेशकै महत्वपूर्ण क्षेत्रमध्ये एक भएकाले किसानलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम सञ्चालन गरिने अपेक्षा गरिएको छ । कृषि क्षेत्रको विकासबाट स्थानीय रोजगारी सिर्जना हुने र आयात प्रतिस्थापनमा योगदान पुग्ने विश्वास नगरपालिकाले लिएको छ । कृषि क्षेत्रका लागि सिचाई लगायतका कामका लागि दुई करोड १५ लाख विनियोजन गरिएको छ । सिचाईका लागि ड्याम बनाउनका लागि ३५ लाख रुपैया र ट्युववेल तथा सिचाईका अन्य योजनाका लागि २५ लाख रुपैया थप विनियोजन गरिएको छ ।

कृषि कार्यक्रमका लागि आन्तरिक तर्फ दुई करोड ९८ लाख, प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ १५ लाख र संघ सरकारबाट प्राप्त अनुदान ४६ लाख गरी जम्मा तीन करोड ५९ लाख रुपैया विनियोजन गरिएको छ । यस्तै पशुपंक्षीको क्षेत्रमा ५८ हजार रुपैया विनियोजन गरिएको छ । पर्यटन प्रवर्द्धनका लागि २६ लाख ५० हजार रुपैया विनियोजन गरिएको नगर उप प्रमुख डिसीले उल्लेख गर्नुभयो ।

उपमहानगरपालिकाले शिक्षा क्षेत्रलाई पनि बजेटको प्रमुख प्राथमिकतामा राखेको छ । सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार सुधार, शैक्षिक गुणस्तर अभिवृद्धि, प्रविधिमैत्री शिक्षण प्रणालीको विकास तथा विद्यार्थीमैत्री वातावरण निर्माणका कार्यक्रम बजेटमा समेटिएका छन् । नगरभित्रका विद्यालयहरूको भवन निर्माण, मर्मत, शैक्षिक सामग्री व्यवस्थापन तथा शिक्षक क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । शिक्षा क्षेत्रको सुधारलाई मानव विकासको आधार मानेर बजेट विनियोजन गरिएको नगरपालिकाको भनाइ छ ।

शिक्षा अन्तरगत विद्यालयहरुको नयाँ भवन तथा अधुरा भवन निर्माणका लागि एक करोड १२ लाख ५० हजार रुपया विनियोजन गरिएको छ । विद्यालयमा कार्यरत मावि शिक्षक, शिक्षक तथा बालविकास शिक्षक व्यवस्थापनका लागि एक करोड ३१ लाख ९३ हजार रुपैया संघीय सरकारबाट आउने गरेकोमा त्यो रकममा बृद्धि गरेर तीन करोड २४ लाख रुपैया विनियोजन गरिएको छ । स्वयंसेवक शिक्षकहरुका लागि बढोत्तरी तलव सहितको भत्ताका लागि एक करोड ५५ लाख २० हजार रुपैया विनियोजन गरिएको छ । शिक्षा युवा तथा खेलकुदमा आन्तरिक तर्फ नौ करोड आठ लाख ५१ हजार, प्रदेश सरकारबाट प्राप्त अनुदान २० लाख र संघ सरकारबाट प्राप्त अनुदान ६९ करोड तीन लाख २२ हजार गरी जम्मा ७८ करोड रुपैया विनियोजन गरिएको छ ।

बजेटले नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने लक्ष्य लिएको छ । स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रहरूको सेवा प्रभावकारी बनाउने, मातृ तथा शिशु स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने तथा समुदायस्तरमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने कार्यक्रम समावेश गरिएको छ । स्वास्थ्य

➲बाँकी अन्तिम पेजमा

## जेन्जी अभियन्ता खड्का पक्राउ

**●राप्तीपोष्ट समाचारदाता**

सल्यान, ८ असार । सल्यानमा आफुलाई जेन्जी अभियान्ता बताउने युवराज खडकालाई प्रहरीले पक्राउ गरेको छ । खडकालाई शारदा नगरपालिका-४ साइलाकम्दाबाट बिहान १० बजे पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सल्यानका डिएसपी दिपक पातलीले जानकारी दिनुभयो ।

बागचौर नगरपालिका मेयर जनकराज गौतमले दिएको निवेदनका आधारमा खडकालाई पक्राउ गरिएको हो । उनलाई साइबरक्राइममा मुद्दा चलाईने प्रहरीले जनाएको छ । मेयर गौतमले काठ तस्करी गरेको आरोप लगाउँदै खडकाले केही समय अघि सामाजिक संजाल फेवसुकमा लेख्नुभएको थियो ।

जिल्ला प्रहरी कार्यालय सल्यानले जोहेरी नलिएपछि मेयर गौतमले गत वैशाखमा सरकारी वकिलको कार्यालय मार्फत निवेदन दिनुभएको थियो । यस अघि पक्राउ पर्न नसकेका खड्कालाई अहिलेका प्रहरी प्रमुख दिपक पातली आएपछि पक्राउ गरिएको हो ।

## तुलसीपुरको बजेट दुई अर्ब ४४ करोड

**●राप्तीपोष्ट समाचारदाता**

तुलसीपुर, ८ असार । तुलसीपुर उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि दुई अर्ब ४४ करोड १५ लाख १९ हजार रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ । उपमहानगरपालिकाको १९ औं नगरसभाको दोस्रो बैठकमा उपप्रमुख स्यानी चौधरीले बजेट प्रस्तुत गर्दै विकास निर्माण, सेवा प्रवाह सुधार, सडक पूर्वाधार विस्तार तथा नगरस्तरीय योजनालाई प्राथमिकतामा राखिएको बताउनुभयो ।




तुलसीपुरले पूर्वाधार विकास र सेवा प्रवाह सुधारमा विशेष जोड दिएको छ भने आन्तरिक आम्दानी बढाउने लक्ष्य समेत राखेको छ । यस्तै सडक, गौरवका आयोजना र वडास्तरीय योजनालाई प्राथमिकता दिइएको छ । उपमहानगरपालिकाले सार्वजनिक गरेको बजेटमा आन्तरिक स्रोतको सुदृढीकरण, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको प्रभावकारी परिचालन, वडा केन्द्रित विकास कार्यक्रम तथा बहुवर्षीय योजनालाई निरन्तरता दिने नीति अवलम्बन गरिएको छ ।

नगरसभामा प्रस्तुत बजेटले तुलसीपुरलाई आर्थिक, सामाजिक तथा पूर्वाधार विकासको नयाँ चरणमा अघि बढाउने लक्ष्य लिएको नगर उप प्रमुख चौधरीले बताउनुभयो । उपप्रमुख चौधरीले प्रस्तुत गर्नुभएको बजेटमा स्थानीय सरकारको वित्तीय क्षमता विस्तार गर्दै नगरवासीलाई गुणस्तरीय सेवा उपलब्ध गराउने, विकास आयोजनाको प्रभावकारी कार्यान्वयन गर्ने तथा दीर्घकालीन महत्वका परियोजनालाई निरन्तरता दिने लक्ष्य समेटिएको छ ।

बजेट वक्तव्यअनुसार आगामी आर्थिक वर्षका लागि उपमहानगरपालिकाले आन्तरिक स्रोतबाट ५४ करोड रुपैयाँ आम्दानी गर्ने लक्ष्य निर्धारण गरेको छ । स्थानीय कर, सेवा शुल्क, दस्तुर तथा अन्य आन्तरिक राजस्वका माध्यमबाट उक्त रकम संकलन गरिने जनाइएको छ ।

त्यसैगरी स्थानीय तह राजस्व बाँडफाँट अन्तर्गत मालपोत तथा रजिस्ट्रेशन शुल्कबाट २४ करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान तथा राजस्व बाँडफाँटको रकमलाई समेत बजेटको प्रमुख स्रोतका रूपमा लिइएको छ ।

यसका अतिरिक्त सडक बोर्ड नेपाल, नगर विकास कोष तथा बैंक मौज्दातबाट समेत आवश्यक स्रोत व्यवस्थापन गरिने उपमहानगरपालिकाले जनाएको छ । बहुस्रोतमा आधारित बजेट व्यवस्थापनले विकास निर्माणका कार्यक्रमलाई निरन्तरता दिन सहज हुने अपेक्षा गरिएको छ ।

उपमहानगरपालिकाले सार्वजनिक गरेको बजेटमा चालु खर्चको हिस्सा बढी भए पनि विकास निर्माणका कार्यक्रमलाई पनि उल्लेखनीय रकम विनियोजन गरिएको छ । कुल बजेटमध्ये ५६ प्रतिशत रकम चालु खर्चतर्फ, ४२.३४ प्रतिशत रकम पूँजीगत खर्चतर्फ तथा १.६५ प्रतिशत रकम वित्तीय व्यवस्थापनतर्फ विनियोजन गरिएको छ ।

तुलसीपुर उपमहानगर पालिकाले प्रशासनिक तथा नियमित खर्चसँगै विकास निर्माणका कार्यक्रमलाई पनि प्राथमिकतामा राखेको बताएको छ । स्थानीय तहहरूमा सेवा प्रवाह, कर्मचारी व्यवस्थापन, सामाजिक सुरक्षा लगायतका दायित्वका कारण चालु खर्चको हिस्सा उच्च रहने गरेको भए पनि तुलसीपुरले विकासका योजनाका लागि उल्लेखनीय रकम छुट्याएको छ ।

बजेट अनुसार कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चका लागि ४५ करोड तीन लाख २१ हजार रुपैयाँ विनियोजन गरिएको छ । यस रकमबाट कर्मचारी तलबभत्ता, कार्यालय व्यवस्थापन, सेवा प्रवाह तथा अन्य नियमित प्रशासनिक गतिविधि सञ्चालन गरिनेछ । स्थानीय सरकारको दैनन्दिन कार्य सञ्चालनका लागि आवश्यक खर्च व्यवस्थापन गर्दै नागरिकलाई सहज र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यले उक्त रकम विनियोजन गरिएको जनाइएको छ ।

आगामी आर्थिक वर्षको बजेटमा तुलसीपुर उपमहानगरपालिकाले सडक पूर्वाधार विकासलाई प्रमुख प्राथमिकतामा राखेको छ । नगरभित्रका मुख्य तथा सहायक सडकको स्तरोन्नति, कालोपत्रे, नाला निर्माण तथा सडक सञ्जाल विस्तारका कार्यक्रमलाई निरन्तरता दिइने भएको छ । पछिल्ला वर्षहरूमा तुलसीपुरले सडक पूर्वाधार विस्तारमा उल्लेखनीय लगानी गर्दै आएको छ । आगामी वर्ष

➲बाँकी अन्तिम पेजमा

## लुम्बिनी प्रदेशस्तरीय आईटीएफ तेक्वान्दो

**●राप्तीपोष्ट समाचारदाता**

घोराही, ८ असार । घोराहीमा लुम्बिनी प्रदेशस्तरीय आईटीएफ तेक्वान्दो प्रतियोगिता-२०८३ सुरु भएको छ । प्रदेश खेलकुद परिषद् लुम्बिनीको आयोजनामा घोराही उपमहानगरपालिका-१५ स्थित दरबार स्केट पार्कमा सोमबारदेखि प्रतियोगिता सुरु भएको हो ।

प्रतियोगिताको उद्घाटन लुम्बिनी प्रदेश सरकारका उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्डबिक्रम न्यौपानेले गर्नुभएको थियो । उद्घाटन कार्यक्रममा मन्त्री न्यौपानेले खेलकुद क्षेत्रले अनुशासित, स्वस्थ र सक्षम नागरिक उत्पादन गर्ने भएकाले यसको विकासमा सबै पक्षले ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले खेलकुदलाई व्यावसायिक र प्रतिस्पर्धात्मक बनाउन प्रदेश सरकारले आवश्यक सहयोग र लगानीलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रदेश खेलकुद परिषद् लुम्बिनीका सदस्य सचिव तिरणदाज गौतमको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा खेलकुदकर्मी, विभिन्न जिल्लाबाट आएका प्रशिक्षक, खेलाडी तथा सरोकारवालाको उल्लेखनीय सहभागिता रहेको थियो । आज मंगलबारसम्म सञ्चालन हुने प्रतियोगितामा लुम्बिनी प्रदेशका विभिन्न जिल्लाका खेलाडीहरूले सहभागिता जनाएका छन् ।

प्रतियोगितामा विभिन्न उमेर समूह तथा तौल समूहका खेलाडीहरूले आफ्नो क्षमता प्रदर्शन गर्नेछन् । आयोजकका अनुसार प्रतियोगिताले प्रदेशभित्र रहेका प्रतिभावान खेलाडीहरूको पहिचान, क्षमता अभिवृद्धि तथा राष्ट्रियस्तरका प्रतियोगिताका लागि खेलाडी छनोटमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

प्रतियोगितामा सहभागी खेलाडीहरूबीच व्यक्तिगत तथा समूहगत विभिन्न विधामा प्रतिस्पर्धा हुनेछ । तेक्वान्दो खेलप्रति युवापुस्ताको आकर्षण बढ्दै गइरहेको अवस्थामा यस्ता प्रतियोगिताले खेलाडीहरूको मनोबल बढाउनुका साथै खेल क्षेत्रको विकासमा टेवा पुग्ने विश्वास गरिएको छ ।

आयोजकले प्रतियोगिता व्यवस्थित, मर्यादित र प्रतिस्पर्धात्मक ढंगले सञ्चालन हुने जनाएको छ। दुई दिनसम्म चल्ने प्रतियोगिताबाट उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई पदक, प्रमाणपत्र तथा पुरस्कार प्रदान गरिने कार्यक्रम रहेको छ ।

## रास्वपा महाधिवेशनमा बन्द सत्र स्थगित

**●राप्तीपोष्ट समाचारदाता**

चितवल, ८ असार । सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को जारी पहिलो महाधिवेशनअन्तर्गत सोमबार हुने भनिएको बन्दसत्र अन्तिम समयमा आएर स्थगित गरिएको छ । सोमबार बिहान ९ बजे सुरु हुने तय भएको बन्दसत्र पटक-पटक सारिँदै अन्ततः स्थगित गरिएको हो ।

पार्टीभित्र महाधिवेशन प्रतिनिधिहरूको नामावली टुंगो नलाग्नु, कार्ड वितरणमा ढिलाइ तथा आन्तरिक व्यवस्थापनको कमजोरीका कारण कार्यक्रम प्रभावित भएको हो । एक नेताका अनुसार प्रतिनिधिहरूको सूची अन्तिम नहुँदा बन्दसत्र सञ्चालन गर्न कठिनाइ भएको हो । ‘प्रतिनिधिहरू टुंगो लगाएर मंगलबार बन्दसत्र आयोजना गरिनेछ ।’ ती नेताले भने, ‘तर समय भने अझै निश्चित भइसकेको छैन ।’

महाधिवेशन स्थलमा उपस्थित नेताहरू, कार्यकर्ता तथा प्रतिनिधिहरू समेत अन्योलमा परेका थिए। उनीहरूलाई अर्को कार्यक्रम कहिले सुरु हुन्छ भन्नेबारे कुनै आधिकारिक जानकारी नहुँदा असहज अवस्था सिर्जना भएको थियो । बन्दसत्रका लागि तयार पारिएको हल खचाखच भरिएको थियो भने बाहिर पनि कार्यकर्ताको उल्लेख्य भीड देखिन्थ्यो । हलभित्र केही प्रतिनिधिहरू आपसमा छलफल गरिरहेका थिए भने केही गर्मी र थकानले भुइँमा पल्टिएका दृश्य पनि देखिए ।

कतिपय सहभागीहरू भने समय कटाउन नाचगानमा व्यस्त देखिए । तर धेरैजसो प्रतिनिधिहरू बन्दसत्र किन रोकियो भन्ने स्पष्ट कारण नजान्ने अवस्थामा थिए । बन्दसत्र स्थगनको प्रमुख कारणमध्ये एक महाधिवेशन प्रतिनिधिहरूको नामावली अन्तिम नहुनु रहेको बताइन्छ । कतिपय प्रतिनिधिहरूको नाम छुटेको भन्दै दाबी-विरोध परेकाले सूची निरन्तर संशोधन भइरहेको छ । विशेषगरी मधेस प्रदेशको प्रतिनिधि छनोट सबैभन्दा बढी विवादित बनेको छ । त्यहाँ एक सय भन्दा बढी उजुरी परेका छन् । निर्वाचन आयोगलाई सूची सच्याउनमै व्यस्त रहनुपरेको बताइएको छ ।

त्यस्तै केही संघीय सांसदहरूको नाम समेत सूचीमा नदेखिएको गुनासो छ । कोशी प्रदेशका एक सांसदले आफ्नो नाम छुटेको भन्दै महाधिवेशन स्थलबाटै बाहिरिएको बताइएको छ । रास्वपामा १८२ सांसद रहेको भए पनि सबै स्वतः प्रतिनिधि नपरेको विषयमा समेत असन्तुष्टि देखिएको छ ।

नामावली टुंगो लागेका प्रतिनिधिहरूलाई समेत प्रवेश कार्ड वितरण नहुँदा अर्को समस्या उत्पन्न भएको छ । कार्ड बिना बन्दसत्र हलभित्र प्रवेश गर्न नपाइने व्यवस्था भए पनि वितरण प्रक्रियामा ढिलाइ हुँदा ठूलो संख्यामा प्रतिनिधि बाहिरै रोकिएका छन् ।

**केन्द्रीय चुनावको अन्योल पनि कारण**

बन्दसत्र ढिलाइको अर्को महत्वपूर्ण कारण पार्टीको केन्द्रीय समिति तथा पदाधिकारी चयन प्रक्रियाबारे रहेको अन्योल हो । चुनाव हुने कि सहमतिबाट टुंगो लगाउने भन्ने विषयमा अझै स्पष्टता नआएको नेताहरू बताउँछन् । प्रवक्ता मनीष झाले प्रतिनिधिहरूको संख्या अपेक्षाभन्दा धेरै भएकाले व्यवस्थापन कठिन भएको स्वीकार गर्नुभयो । उहाँका अनुसार केन्द्रीय सदस्यका आकांक्षी पनि अत्यधिक भएकाले महाधिवेशन एक दिन सर्न सक्ने सम्भावना रहेको छ ।

महाधिवेशनमा चार हजारभन्दा बढी प्रतिनिधिमध्ये करिब एक हजार जना केन्द्रीय सदस्य बन्न आकांक्षी रहेको बताइएको छ । ९९ केन्द्रीय सदस्यका लागि चुनाव हुने व्यवस्था भए पनि आकांक्षीको भीडका कारण सहमतिमा टुंगो लगाउन कठिनाइ देखिएको छ ।

## बस दुर्घटना हुँदा १२ जना घाइते

**●राप्तीपोष्ट समाचारदाता**

रोल्पा, ८ असार । रोल्पामा बस दुर्घटना हुँदा १२ जना घाइते भएका छन् । माडी गाउँपालिका -२ खोलवाङस्थित घोराही-थवाङ शहीद मार्गमा थवाङबाट घोराहीतर्फ आउँदै गरेको रा.१ ख. ३१०१ नम्बरको बस उकालोमा अचानक ब्रेक फेल भई सडकमा पल्टिँदा १२ जना यात्रु घाइते भएको प्रहरीले जनाएको छ ।

बसमा चालकसहित २९ जना सवार रहेका थिए । दुर्घटनामा सामान्य घाइते भएका १२ जनाको उद्धार गरी उपचारका लागि माडी गाउँपालिका-२ घर्तिगाउँस्थित स्मृति अस्पताल पठाइएको छ ।

बस चालक रोल्पाको थवाङ गाउँपालिका -३ मिरुल निवासी अन्दाजी ३२ वर्षीय सन्तोष कामी रहेका छन् । दुर्घटनापछि सडक अवरुद्ध रहेको तथा बस घटनास्थलमै रहेको छ भने घटनाबारे थप विवरण आउन बाँकी रहेको प्रहरीले बताएको छ ।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल**
**सम्पर्क कार्यालय नेपागञ्जको अनुरोध !**

बाँके, बर्दिया, दाङ र रोल्पा जिल्लाका कुनै पनि सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले भ्रष्टाचारजन्य कार्यहरु गरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार इमेल, फोन वा फ्याक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउनुहुन अनुरोध छ ।

इमेल: ciaanepalgunj@gmail.com
फ्याक्स : ०८१-५५०४२६
फेसबुक : www.facebook.com/ciaa.nepalgunj.3

**सम्पर्क नम्बर :**
०८१-५५०६२७, ९८५८०४३८८८, ९८५८०४५७८८, ९८५८०५३४८८

***आयोगको हटलाईन नम्बर १०७ (पैसा लाग्दैन)***

**भ्रष्टाचार विरुद्धको सहकार्य : सुशासनका लागि अपरिहार्य**

# राप्ती पोष्ट
-राष्ट्रिय दैनिक-

## राप्ती पोष्ट दैनिकका लागि

प्रकाशक/सम्पादक :
शरद अधिकारी
(९८५७८३०२९९)

कार्यकारी सम्पादक :
भुवन देवकोटा

व्यवस्थापक:
जीवन अधिकारी

प्रवन्धक :
विनु दहाल

कानुनी सल्लाहकार : तुफानबाबु श्रेष्ठ

कार्यालय
शिक्षाशाखा रोड घोराही १५, दाङ फोन नं. : ०८२-५६३४५६
Email :
raptipost2066@gmail.com,Sharadreetu@gmail.com

तुलसीपुर शाखा सम्पर्क : ९८२९५४०६०९
लमही शाखा सम्पर्क : श्रवण बस्नेत ९८४७८४०३२०,
सल्यान सम्पर्क: ९८४७८४४२५०,
रुकुम सम्पर्क: ९८४४९०३३६२,
प्यूठान सम्पर्क : ९८४७८७७३३३,
रोल्पा सम्पर्क : ९७४८५२६६२५,
भालुवाङ सम्पर्क: ९८४९१४३४६९,
पुरन्धारा सम्पर्क ९८४७८३०७२७
नेपालगञ्ज सम्पर्क : ९८४८२७५०७५,
मुद्रक : न्यू सूचना अफसेट प्रेस, घोराही दाङ


सम्पादकीय

# आत्मबोध

आत्मबोध के हो ? कस्तो अवस्थामा आत्मवोध गर्नुपर्छ ? आत्मवोध नगरिएको अवस्थामा के हुन्छ ? किन आत्मवोध गर्ने ? आत्मबोध जिम्मेवारी लिएकाहरले गर्नुपर्छ । राम्रो गर्न सकेको अवस्थामा भन्दा पनि नराम्रो भयो भने आत्मवोध गर्नुपर्छ । हामीले जीवनमा अनेकन काम गर्दछौं । अनेकन परिणाम हासिल गर्दछौं । दुःखी हुन्छौं । खुसी हुन्छौं । हामीले अनेकन उतार चढाव भोगिरहेका हुन्छौं । दुनियामा यस्ता अनेकन खालका उतार चढाव भइरहन्छन । मुख्य कुरा आत्मवोध हो । मानव जीवन भोगाइ र अनुभवहरूको एउटा अविरल यात्रा हो, जहाँ हामीले हरपल अनेकन कर्महरू सम्पादन गरिरहेका हुन्छौँ । यस यात्रामा सफलता र असफलता, सुख र दुःख अनि आशा र निराशाका अनेकन उतारचढावहरू आउनु स्वाभाविक प्रक्रिया हो । तर, यी सबै गतिविधि र परिणामहरूको बीचमा एउटा यस्तो तत्व छ, जसले मानिसलाई पशुभन्दा भिन्न र विवेकशील बनाउँछ, त्यो हो 'आत्मबोध' । आत्मबोध भनेको आफ्ना कार्यहरू, विचारहरू र तिनले समाजमा पारेका प्रभावहरूको अन्तस्करणदेखि गरिने इमानदार समीक्षा हो । यो कुनै दार्शनिक रटान मात्र नभई व्यक्तिले आफूलाई चिन्न र आफ्ना कमजोरीहरूलाई स्वीकार गर्न सक्ने एउटा उच्च मानसिक अवस्था हो । जबसम्म व्यक्तिले आफूले गरेका कामहरूको प्रकृति र त्यसको परिणामलाई आफ्नो विवेकको कसीमा राखेर हेर्न सक्दैन, तबसम्म उसको व्यक्तित्वमा निखार आउन सक्दैन । संसारमा देखिने अनेकन परिवर्तन र उतारचढावका बीचमा यदि मानिसले आफ्नो भित्री आवाज सुन्न छोड्यो भने उसले बाहिरी जगतलाई पनि न्याय गर्न सक्दैन । तसर्थ, आत्मबोध नै त्यो प्रकाश हो जसले अन्धकारमा रुमल्लिएको मानव चेतनालाई सही मार्ग देखाउने सामर्थ्य राख्दछ ।

हामीले दैनिक जीवनमा अनेकन जिम्मेवारीहरू निर्वाह गरिरहेका हुन्छौँ, तर सबैभन्दा ठूलो प्रश्न यो हो कि हामीले ती कार्यहरूको नतिजालाई कुन रूपमा ग्रहण गर्छौं ? विशेषगरी सार्वजनिक पदधारण गरेका र समाजको नेतृत्वदायी भूमिकामा रहेका व्यक्तिहरूका लागि आत्मबोध एक अनिवार्य सर्त हुनुपर्दछ । मानिस स्वभावैले सफलताको जस लिन आतुर हुन्छ, तर जब कामहरू बिग्रिन्छन् वा अपेक्षित परिणाम हासिल हुँदैनन्, तब दोष अरूको थाप्लोमा थोपर्ने प्रवृत्ति हाबी हुन्छ । आत्मबोधको वास्तविक आवश्यकता राम्रो भइरहेको बेला भन्दा पनि जब कामहरू नराम्रो हुन्छन् वा गल्तीहरू दोहोरिन्छन्, तब झन् बढी हुन्छ । आत्मबोध नगरिएको अवस्थामा मानिस अहङ्कारको बन्दी बन्छ र आफ्ना गल्तीहरूलाई नै उपलब्धि ठान्न पुग्दछ, जसले गर्दा समाजमा अराजकता र गैरजिम्मेवारीपन मौलाउँछ । हामीले जीवनमा अनेकन काम गर्दा प्राप्त हुने परिणामले कहिले खुसी देला त कहिले दुःख, तर ती दुवै अवस्थामा आफू कहाँ चुक्यौँ वा कहाँ सबल रह्यौँ भन्ने कुराको बोध हुनु नै असल संस्कार हो । आत्मबोधको अभावमा मानिसले जिम्मेवारीबाट पन्छिने बाहाना मात्र खोजिरहन्छ, जसले गर्दा व्यक्तिगत र सामाजिक विकासको मार्ग अवरुद्ध हुन पुग्दछ । जिम्मेवारी के का लागि पाएको हो ? जिम्मेवारी कसरी बहन गर्ने ? जिम्मेवारी बहन गर्न सक्दा त्यसले दिने परिणाम र जिम्मेवारी बहन गर्न नसक्दा त्यसबाट हुने क्षतिको बारेमा पहिल्यै ज्ञान हासिल गर्नुपर्छ । हामी हरेकमा रहेको एउटै समस्या भनेको हामी जिम्मेवारी लिने तर त्यसले दिइरहेको परिणामको नतिजाप्रति नजरअन्दाज गर्ने । यसर्थ यो विषयमा आत्मबोध हरेकका लागि जरुरी हुन्छ ।

आत्मबोध नै व्यक्तिलाई नैतिक रूपमा सबल र जिम्मेवार बनाउने मूल मन्त्र हो । संसारमा हुने उतारचढाव र परिस्थितिका फेरबदलहरूलाई हामीले सधैँ आफ्नो नियन्त्रणमा राख्न नसकौँला, तर ती परिस्थितिप्रति हाम्रो प्रतिक्रिया र बुझाइ कस्तो रहन्छ भन्ने कुरा हाम्रो आत्मबोधमा भर पर्दछ । जिम्मेवारी लिएका हरेक व्यक्तिले समय-समयमा ऐना हेरेजस्तै आफ्नो अन्तर्मन नियाल्नु आवश्यक छ । गल्ती हुनु मानवीय कमजोरी हुन सक्छ, तर गल्तीको बोध नहुनु र त्यसलाई सुधार्ने तत्परता नदेखाउनु भनेको विवेकको पराजय हो । जब हामीले आफ्ना कमजोरीहरूलाई आत्मबोधको माध्यमबाट स्वीकार गर्छौँ, तब मात्र सुधार र समृद्धिको नयाँ ढोका खुल्दछ । यसैले, वर्तमान समयमा ओभानो देखिने होडबाजी भन्दा पनि आफ्नो कर्मप्रति जवाफदेही बन्नका लागि आत्मबोधको संस्कृतिलाई आत्मसात् गर्नु अपरिहार्य छ । जसले आफूलाई चिन्न सक्छ र आफ्ना कर्महरूको नैतिक भार वहन गर्न सक्छ, उही व्यक्ति नै समाजका लागि पथप्रदर्शक बन्न योग्य हुन्छ । त्यसैले, आत्मबोधलाई केवल व्यक्तिगत विषय मात्र नबनाई यसलाई सामाजिक उत्तरदायित्वको अभिन्न अङ्गका रूपमा स्थापित गर्नु आजको मुख्य आवश्यकता हो । जीवनमा जित मात्रै हुँदैन अर्थात हार पनि हुन्छ । जित र हारको समन्वय गर्न सक्नुपर्छ । जित र हारलाई स्वभाविक रुपमा लिनुपर्छ । जित्दा मात्तिने र हार्दा आत्तिने गर्नु हुँदैन । आफूले गरेको कर्ममा आत्मवोध गर्न सकियो भने धेरै कुरा स्वभाविक रुपमा मिल्दछन् । यहि कुरालाई सवैले ख्याल राख्नुपर्ने हुन्छ ।

# डिजिटल दिनचर्याले निम्त्याएको संकट

**प्रविधिको द्रुत गति र हाम्रा बानीको आलोचना गर्नु प्रविधिविरोधी हुनु होइन । बरू प्रश्न हो- प्रविधिलाई आफ्नो सहजताका लागि प्रयोग गर्दै छौं कि प्रविधिको अल्गोरिदमले हाम्रा रूचि, विचार, धीरता, चेतना र सामाजिक मूल्यहरुलाई नियन्त्रण गरिरहेको छ ?**



रोशन जागरी

कुनै व्यस्त सार्वजनिक स्थान, चिया पसल वा घर-परिवारमा नियाल्नुभयो भने एउटा रोचक दृश्य देखिन्छ । सँगै बसेका मानिसहरू एक-अर्कासँग बोलिरहेका हुँदैनन्, बरु आफ्नै हातमा रहेको चम्किलो पर्दाभित्र डुबिरहेका हुन्छन् । यो समाजको आधुनिक दिनचर्यामा आएको रूपान्तरणको ऐना हो । बिहान ब्युँझिएदेखि राति सुत्नुअघि मोबाइल हेर्ने बानी कसरी बन्यो र यसले हाम्रो चेतना, राजनीति तथा सामाजिक मूल्यलाई कहाँ लैजाँदै छ ?

समाजमा परम्परागत रूपमा दिनचर्याले मानिसलाई एउटा मानसिक सुरक्षा र सामाजिक भरोसा दिने गर्थ्यो । बिहान उठेर छिमेकीसँग कुरा गर्नु, खाना खाँदा परिवारसँग गफिनु वा साँझ चौतारीमा भेला हुनु, हाम्रो सामाजिक जीवनको अंग थियो । यस्ता स्थापित दिनचर्याले मानिसलाई एक प्रकारको अस्तित्वगत सुरक्षा प्रदान गर्थ्यो । जसले गर्दा संसार अनुमानयोग्य र सुरक्षित छ भन्ने आभास हुन्थ्यो । तर जब डिजिटल प्रविधि समाजको दिनचर्यामा प्रवेश गर्‍यो, तब पुराना र जीवन्त सम्बन्धहरू भर्चुअल दुनियाँमा स्थानान्तरण भए । अब भर्चुअल दुनियाँ यति 'सामान्य' भइसकेका छन् कि यसले हाम्रो मनोवैज्ञानिक स्थिरता नै निर्धारण गर्न थालेको छ । यो सामान्यीकरण नै प्रविधिको सबैभन्दा ठूलो सफलता हो र सम्भवतः सबैभन्दा ठूलो प्रश्नचिह्न पनि ।

इन्टरनेट र स्मार्टफोनको पहुँच द्रुत गतिमा बढेसँगै समाजमा डिजिटल लत र मानसिक स्वास्थ्यको संकट तीव्र बनेको छ । हालै 'बीएमजे ओपन जर्नल' मा प्रकाशित नेपालका सहरी क्षेत्रका विद्यालय जाने किशोर-किशोरीहरूमा गरिएको एक अध्ययनले डरलाग्दो यथार्थ देखाएको छ । प्रतिवेदनअनुसार, ५१.१ प्रतिशत किशोर-किशोरीमा इन्टरनेटको लत पाइएको छ, जसमा २३.७ प्रतिशतमा मध्यम र २.४ प्रतिशतमा गम्भीर अवस्था देखिएको छ । अचम्मको विषय त, ८३ प्रतिशत किशोर-किशोरीसँग आफ्नै स्मार्टफोन छ र तीमध्ये ६६.५ प्रतिशतले दैनिक २ घण्टाभन्दा बढी समय इन्टरनेटमा बिताउँछन् । उनीहरूको मुख्य रोजाइ मनोरन्जन (४७.९ प्रतिशत) र युट्युब (४६.५ प्रतिशत) रहने गरेको छ ।

किशोर-किशोरीमा मात्र होइन, बालबालिकाको प्रारम्भिक मस्तिष्कसम्म पनि असर विस्तारित भइसकेको छ । 'जर्नल अफ चितवन मेडिकल कलेज' मा प्रकाशित पोखरा र नेपालका अन्य क्षेत्रमा ५ देखि ९ वर्षका बालबालिकामा गरिएको अध्ययनअनुसार, झन्डै ४७.४ देखि ५५.२ प्रतिशत बालबालिकाले दैनिक २ घण्टाभन्दा बढी समय स्क्रिनमा बिताउने गरेका छन् । आमाबुबाले आफ्ना बालबालिकालाई फकाउन वा खाना खुवाउनका लागि मोबाइल दिने प्रवृत्ति बढेको छ । परिणामतः नेपालका इन्टरनेट प्रयोगकर्ता किशोर-किशोरीहरूमध्ये ५४ प्रतिशतमा डिप्रेसन, ५६.७ प्रतिशतमा एन्जाइटी (चिन्ता) र ४५.३ प्रतिशतमा अनिद्रा जस्ता गम्भीर मानसिक समस्या देखा परेका छन् ।

समयको यो गतिसँगै हाम्रो ध्यान र सोच्ने क्षमतामा एउटा गम्भीर संकट देखा परेको छ । आजभोलि सामाजिक सञ्जालमा चल्ने छोटा भिडियो र 'रिल्स' को बाढीले हाम्रो धीरतालाई सुस्तरी समाप्त पार्दै छ । हिजोका दिनमा एउटा पूरा पुस्तक पढ्न वा लामो संवाद सुन्न सक्ने क्षमता भएकाहरू पनि आजकाल केही मिनेटको भिडियो पनि धीरतापूर्वक हेर्न नसक्ने अवस्था बनेको छ । चिया पाक्न लाग्ने समय वा बस कुर्नुपर्ने समय लामो सामान्यतया होइन, तर पर्खाइ असह्य हुन थालेको छ । हामी हरेक विषयमा तत्काल सन्तुष्टि खोज्न थालेका छौं, जसले हाम्रो संज्ञानात्मक गहिराइलाई सतही बनाइदिँदै छ ।

यसको सबैभन्दा डरलाग्दो र सूक्ष्म रूप हालै मधेश प्रदेशको परीक्षा हलहरूमा देखियो, जहाँ विद्यार्थीहरू पुस्तकको साटो स्मार्टफोनसहित समातिए । यो घटना केवल परीक्षाको विकृति मात्र होइन, बरु ज्ञान आर्जन गर्ने लामा र कठिन प्रक्रियाहरूका विरुद्ध 'सजिलो र तुरुन्त' नतिजा खोज्ने स्क्रिन-संस्कृतिको उपज हो । जब युवा मस्तिष्कले महिनौं लगाएर पढ्ने, बुझ्ने र स्मृतिमा राख्ने धीरता गुमाउँछ, तब ऊ परीक्षा हलमा पनि कृत्रिम बौद्धिकताको आत्मघाती शरणमा परिरहेको हुन्छ ।

देशको नीति निर्माण गर्ने सर्वोच्च थलो संसद् भवनमा पनि यही प्रवृत्ति देखिन्छ । हाम्रा जनप्रतिनिधिका भाषण, विधेयकका मस्यौदा र नीतिगत बहसहरू तयार गर्न एआई टुलमा निर्भर हुन थालेका छन् । एआईद्वारा लिखित भाषण पढ्नु वा जटिल सरकारी दस्तावेजको सारसंक्षेप निकाल्नुलाई 'दक्षता' ठान्न थालिएको छ । निःसन्देह, एआईले कामलाई छिटो र व्यवस्थित त बनाउँछ, तर जब नीति निर्माताले आफ्नै धरातलीय यथार्थ, समाजको ऐना र मानवीय विवेकलाई थाती राखेर एआईको भाषामा कानुन लेख्न थाल्छन्, तब राजनीति र शासन व्यवस्था जनभावनाबाट च्युत हुन्छ । किनकि, एआईले शब्द दिन सक्छ, तर समाजको दुःख र चेतना बुझ्ने संवेदना दिन सक्दैन ।

आजको चुनौती सूचनाको अभाव होइन, बरु सत्य र असत्यबीचको रेखा मेटिनु हो । कुनै एउटा भ्रामक वा तोडमरोड गरिएको भिडियोले समाजको ठूलो हिस्साको धारणालाई क्षणभरमै बदलिदिन सक्छ । सत्य के हो भनी जाँच्ने धीरता र विवेक दुवै नहुँदा, मानिस आधिकारिक माध्यमभन्दा सामाजिक सञ्जालका 'भाइरल' हेडलाइनलाई छिटो विश्वास गर्छन् । भावनालाई उत्तेजित बनाउने झूटा विवरण छिटो फैलिन्छन् र समाजमा अविश्वास, डर र आक्रोशको वातावरण निर्माण गर्छन् । डिजिटल बानीको परिवर्तनमा अचेल एउटा नयाँ आर्थिक आयाम थपिएको छ- मनिटाइजेसन । फेसबुक, युट्युब र टिकटक अब केवल मनोरन्जनका थलो मात्र रहेनन्, यी हजारौं युवाका लागि स्वरोजगार र आर्थिक आत्मनिर्भरताको माध्यम पनि बनेका छन् । यसले ग्रामीण र दूरदराजका क्षेत्रमा लुकेका प्रतिभालाई सिधै बजारसँग जोडेको छ । तर, यसको अर्को पाटो उत्तिकै चिन्ताजनक छ । 'भ्युज' र 'लाइक' नै पैसा र प्रतिष्ठाको कसी बन्न पुगेपछि प्रस्तुत सामग्रीको सामाजिक गुणस्तर, प्राज्ञिक मूल्य र मर्यादा ओझेलमा पर्छ । बढी पैसा कमाउने होडमा उत्तेजक, सतही र भ्रामक सामग्री बनाउने प्रवृत्तिको विकास भएको हुन्छ, भइरहेको छ ।

डिजिटल कुलत र यसले बालबालिकामा पारेको मानसिक असरलाई रोक्न विश्वभर नीतिगत प्रयास सुरु भइसकेका छन् । यसै सन्दर्भमा, बेलायतले आफ्नो ऐतिहासिक 'अनलाइन सेफ्टी एक्ट' मार्फत प्रविधि कम्पनीलाई कानुनी दायरामा ल्याएको छ । यो नीतिले सामाजिक सञ्जालका कम्पनीलाई आफ्ना अल्गोरिदमले बालबालिकालाई देखाउने हानिकारक सामग्री र कुलत बढाउने फिचरहरू रोक्न कानुनी रूपमै जिम्मेवार बनाएको छ । नियम उल्लंघन गरेमा कम्पनीको कमाइको ठूलो हिस्सा जरिवाना गर्ने र कार्यकारीलाई समेत कारबाही गर्ने कडा व्यवस्था गरिएको छ । नेपालजस्ता विकासोन्मुख देशले पनि प्रविधिको यो तीव्र प्रवेगबाट सिर्जित मानसिक तनाव, विकृत परीक्षा प्रणाली र फेक न्युजको महामारीबाट समाजलाई जोगाउन बेलायतको जस्तै बलियो र स्वायत्त डिजिटल सुरक्षा नीति निर्माण गर्नु आवश्यक छ ।

प्रविधिको द्रुत गति र हाम्रा बानीको आलोचना गर्नु प्रविधिविरोधी हुनु पक्कै होइन । मूल प्रश्न यो हो कि, हामी प्रविधिलाई आफ्नो सहजताका लागि प्रयोग गर्दै छौं कि प्रविधिको अल्गोरिदमले हाम्रा रुचि, विचार, धीरता, चेतना र सामाजिक मूल्यहरूलाई नियन्त्रण गरिरहेको छ ? प्रविधि सधैं मानिसको सहयोगी हुनुपर्छ, त्यसको नियन्त्रक होइन । जब केवल डिजिटल बिम्ब, एआईको भाषा र जीवनशैलीको ब्रान्डिङले वास्तविक सामाजिक विमर्शको ठाउँ लिन्छ, तब लोकतन्त्र, संसद् र समाज कमजोर बन्न पुग्छन् । अहिले हामीले देखाउने व्यक्तिगत सचेतना, सूचनालाई हेर्ने हाम्रो आलोचनात्मक दृष्टिकोण र राज्यले निर्माण गर्ने डिजिटल सुरक्षाको नीतिले नै आउने पुस्ताको मानसिक र सामाजिक जीवनको वास्तविक स्वरूप निर्धारण गर्नेछ । - **(कान्तिपुरबाट)**

# स्वस्थ भएर बाँच्न नियमित योग

शिरीषवल्लभ प्रधान

योग भन्नाले केवल शारीरिक रूपले गरिने अभ्यास वा कसरत मात्र जनाउँदैन । योग शारीरिक, मानसिक र आध्यात्मिक रूपले स्वस्थ र दुरुस्त भई सन्तुलित जीवन जिउने तरिका हो । पतञ्जलिको योगसूत्रमा अष्टाङ्ग योगका बारेमा उल्लेख छ । शारीरिक योग वा योगाभ्यास त अष्टाङ्ग योगका आठ प्रकारका विधिमध्ये एउटा मात्र हो । अष्टाङ्ग योग अन्तर्गत शारीरिक अभ्यासलगायत, श्वासप्रश्वाससम्बन्धी विभिन्न क्रियाकलाप, व्यक्तिगत र सामाजिक अनुशासन, इन्द्रीयहरूको अन्तर्मुखीकरण, चित्तको एकाग्रता, ध्यान र अन्त्यमा समाधि पर्छन् ।

योगको शाब्दिक अर्थ हो जोड । शरीर र मनबिच जब तादात्म्य हुन्छ, तब योग घटित हुन्छ । आध्यात्मिक दृष्टिले भन्नु पर्दा योगले आत्मा र परमात्माबिचको एकता जनाउँछ । यसले शिव र शक्तिबिचको मिलन तथा व्यष्टि र समष्टिबिचको एकतालाई जनाउँछ । शरीर, मन र भावनाबिच सन्तुलन कायम गर्नु नै योग हो । पतञ्जलिको भनाइ अनुसार 'चित्तको चञ्चलतालाई रोक्ने वा चित्तलाई निश्चल गराउने विधि नै योग हो । चित्तको तरङ्गलाई रोक्न नसकेसम्म चित्त आफ्नो स्वाभाविक स्थितिमा आउँदैन । जब चित्त आफ्नो स्वाभाविक स्थितिमा फर्कन्छ, तब मानिसले चिरस्थायी शान्ति प्राप्त गर्छ, जुन अवस्थामा सबै प्रकारका द्वन्द्वको अन्त्य हुन्छ ।

योगी भन्नाले त्यस्तो व्यक्ति बुझिन्छ, जो द्वन्द्वरहित, शान्त चित्तले युक्त छ । जसको व्यक्तित्व सन्तुलित छ वास्तवमा त्यही नै योगी हो । सामान्यतया मानिस खण्डित व्यक्तित्वको सिकार हुने गरेको पाइन्छ । त्यस्ता मानिस द्वन्द्वलेयुक्त हुन्छ । ऊ सधैँ विरोधाभासपूर्ण जीवन बाँचिरहेको हुन्छ । जब मानिसमा भनाइ र गराइमा समानता आउँछ, त्यसबखत सबै प्रकारको द्वन्द्व समाप्त हुन्छ । जसको मन, वचन र कर्मबिच सामाञ्जस्य रहन्छ, वास्तवमा त्यही योगी हो ।

एउटा शान्त तलाउमा जब हामी ढुङ्गा खसाल्छौँ, त्यसमा तरङ्ग निस्कन्छ । हाम्रो चित्त पनि ठिक त्यसै प्रकारको तरङ्गित पोखरी वा तलाउ समान छ । त्यसमा बर्सौंदेखिका विभिन्न किसिमका छाप तथा विकार परेको हुन्छ, जसले वृत्ति निर्माण गर्छ । त्यही चित्तको वृत्तिलाई निरोध गर्ने उपायबारे पतञ्जलि योगसूत्रमा वर्णन गरिएको छ । योगसूत्रमा उल्लिखित आठ वटै खुड्किला एक/एक गरी पार गर्दै गएपछि अन्त्यमा समाधिको अवस्थामा पुगिन्छ ।

गीतामा योगीको परिभाषा

गीतामा भगवान् श्रीकृष्ण भन्नुहुन्छ, "जसले आशक्तिलाई त्यागेर सफलता र असफलतामा समान भाव राखेर कर्म गर्छ, त्यही योगी हो । सुख, दुःख, सर्दी, गर्मी, मान, अपमानबाट जसको चित्त विचलित हुँदैन, त्यही योगी हो । चित्तको समत्व नै योग हो । (गीता २.४८, ६.७) । पुण्य र पाप दुवैलाई त्यागेर परमात्मामा आफ्नो बुद्धिलाई स्थिर गरेर संसारमा निराशक्त भई कुशलतापूर्वक कर्म गर्ने व्यक्ति नै योगी हो । योगः कर्मशु कौशलम् (गीता २.५०) अर्थात् कुशलतापूर्वक कर्म गर्ने व्यक्ति नै योगी हो ।"

योगसिद्धिका निम्ति सर्वप्रथम आसनमाथि विजय प्राप्त गरिनु पर्छ । किनभने योगको यात्रा वा आध्यात्मिक यात्रा पहिले शरीरबाटै सुरु हुन्छ । एउटै आसनमा धेरै बेरसम्म स्थिर भई बस्ने अभ्यास गर्न योगसूत्रमा उपदेश दिइएको छ । त्यसमा भनिएको छ, स्थिरंसुखं आसनम् (योगसूत्र २.४६) अर्थात् सुखपूर्वक स्थिर भई धेरै बेरसम्म बस्नुलाई नै आसन भनिन्छ । शरीरमाथि विजय प्राप्त गरिसकेपछि श्वासमाथि विजय प्राप्त गरिनु जरुरी हुन्छ । प्राणायामका विभिन्न विधिद्वारा प्राण र अपानबिच सन्तुलन कायम गर्न सकिन्छ, जसले चित्त स्थिर राख्नमा मद्दत गर्छ ।

हाम्रो शरीर, श्वास र मनबिच घनिष्ठ सम्बन्ध रहेको हुन्छ । चित्त स्थिर र शान्त हुँदा श्वासप्रश्वास गहिरो, सूक्ष्म वा ढिलो हुन्छ भने क्रोध वा उत्तेजनाको अवस्थामा श्वासप्रश्वास छिटो, छिटो हुने हामीले अनुभव गरेका छौँ । अनुलोम, विलोम, भस्त्रिका, कपालभाती आदि श्वासप्रश्वासमाथि विजय प्राप्त गर्ने विविध प्रकारका विधि हुन् । हामीले श्वासमा निरन्तर ध्यान दिन सक्यौँ भने पनि चित्त स्थिर राख्न त्यसले मद्दत पुग्छ ।

चित्तलाई स्थिर राख्ने कार्य अत्यन्त कठिन कार्य हो तर यो असम्भव भने छैन । अति चञ्चल, बलवान् र दुराग्रही स्वभावको यो मनलाई वशमा राख्नु वायुलाई वशमा राख्नुभन्दा पनि कठिन छ भन्ने अर्जुनको जिज्ञासामा श्रीकृष्ण भन्नुहुन्छ, "मानिसको मन निःसन्देह चञ्चल हुन्छ र यसलाई वशमा राख्नु कठिन छ, परन्तु निरन्तरको अभ्यास र वैराग्यभावद्वारा यसलाई वशमा पार्न सकिन्छ ।" पतञ्जलिले पनि योगसूत्रमा भनेका छन् कि अभ्यास र वैराज्ञद्वारा चित्तलाई शुद्ध बनाउन सकिन्छ ।

योग सही तरिकाले जीवन जिउने विज्ञान हो । यस अर्थमा यसलाई दैनिक जीवनमा लागु गर्न सकिन्छ, स्वामी सत्यानन्द सरस्वती भन्छन्, "योगको अर्थ जोडिनु हो र आध्यात्मिक अर्थमा योगले व्यक्तिगत चेतना र ब्रह्माण्डीय चेतनाबिच एकाकारको अवस्था जनाउँछ ।" व्यावहारिक रूपले भन्नु पर्दा योगको अर्थ मानिसको शरीर, मन र भावनाबिच एक प्रकारको तादात्म्य वा सन्तुलन कायम गर्नु हो । ऋषिकेशका शिवानन्द सरस्वती भन्छन्, "योग भनेको कार्य, विचार र भावनाबिच तादात्म्य हो, अर्थात् हृदय, मस्तिष्क र हातबिचको सन्तुलन हो ।"

योगको ऐतिहासिक महत्व

सिन्धघाटीको हरप्पा र मोहन्जोदारो (हालको पाकिस्तान) मा गरिएको उत्खननमा शिव र पार्वती योगे मुद्रामा बसेका मूर्ति भेटिएको छ । यसबाट के स्पष्ट हुन्छ भने सिन्धघाटीमा आर्यहरूको वैदिक सभ्यताको सुरुको अवस्थामा नै योग प्रचलनमा थियो । पौराणिक कथाका अनुसार शिव योगका प्रथम गुरु हुन् भने पार्वती उनका प्रथम शिष्य हुन् । शिवले पार्वतीको जिज्ञासा शान्त पार्दै योग, ध्यान तथा अध्यात्मका ज्ञान बाँडेको कुरा शिवसूत्र, विज्ञान भैरव तन्त्र आदि ग्रन्थमा उल्लेख छ ।

योग पनि थुप्रै प्रकारका छन्, हठयोग (शारीरिक अभ्यास), राजयोग (ध्यान), कर्मयोग (निष्काम कर्म), ज्ञानयोग (वेदान्त, साङ्ख्यदर्शन आदिको अध्ययन), भक्तियोग (भजन, ईश्वर उपासना), मन्त्रयोग आदि । शारीरिक योग अर्थात् हठयोगका आदि गुरु गोरखनाथ हुन् भने राजयोग वा ध्यानबारे पतञ्जलिले योगसूत्रमा सविस्तार उल्लेख गरेका छन् । त्यसै गरी मन्त्रयोगका गुरु मत्स्येन्द्रनाथ मानिन्छ । काश्मिरी शैवमत अन्तर्गतको पुस्तक विज्ञान भैरवतन्त्रमा ध्यानका ११२ विधिबारे उल्लेख गरिएको छ भने विपश्यना ध्यानबारे गौतम बुद्धले सविस्तार बताउनुभएको छ ।

पतञ्जलिको योगसूत्र शारीरिक अभ्यासभन्दा पनि वास्तवमा मनमाथि विजय प्राप्त गर्ने विधि अर्थात् ध्यानद्वारा समाधिको स्थितिमा पुग्ने कला हो । यसमा सुरुमा शरीर र श्वासप्रश्वास क्रियालाई नियमित गर्ने विधि दिइएको छ भने त्यसपछि क्रमशः अनुशासन, अभ्यासद्वारा मनलाई संयमित र सन्तुलित गर्ने विधिबारे उल्लेख गरिएको छ ।

एक्काइसौँ शताब्दीमा योग

एक्काइसौँ शताब्दीमा योगको महत्व अरू बढेको छ । आज हामी तनाव, द्वन्द्व, चिन्ता, अशान्ति आदिको बिचमा बाँचिरहेका छौँ । यस्तो अवस्थामा केवल भौतिक सुख वा सफलताको माध्यमबाट जीवनले पूर्णता प्राप्त गर्न सकिरहेको छैन भने जीवनमा सुख, सन्तोष र आनन्दको सदैव अभाव खट्किरहेको महसुस हामीलाई हुन्छ । यस्तो अवस्थामा आध्यात्मिक सुख र आनन्द, जुन चिरस्थायी हुन्छ, को खोजीमा मानिस भौंतारिरहेका हामी पाउँछौँ । साङ्ख्य दर्शनमा भनिएको छ, "मानिसले भौतिक उपायद्वारा दुःखको पूर्ण निवृत्ति वा चिरस्थायी आनन्द र स्थायी शान्ति प्राप्त गर्नु सम्भव छैन । दुःख निवारणका निम्ति आध्यात्मिक उपायकै अवलम्बन गर्न पर्छ भन्ने सो दर्शनको मान्यता छ ।"

➲ बाँकी तेस्रो पेजमा

# वैदेशिक व्यापारमा नेपालको नयाँ कीर्तिमान

**●राप्तीपोष्ट समाचारदाता**

काठमाडौं, ८ असार । नेपालको वैदेशिक व्यापारले चालु आर्थिक वर्ष २०८२/८३ मा नयाँ इतिहास रचेको छ । भन्सार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको ११ महिना (जेठ मसान्त) सम्मको तथ्यांकअनुसार नेपालको कुल वैदेशिक व्यापार २१ खर्ब ७२ अर्ब छ करोड रुपैयाँ पुगेको छ, जुन हालसम्मकै उच्च हो । यससँगै निर्यात व्यापारले पनि इतिहासकै उच्च बिन्दु छोएको छ ।

यसअघि आर्थिक वर्ष २०७८/७९ मा नेपालको वैदेशिक व्यापार २१ खर्ब २० अर्ब ४७ करोड रुपैयाँ पुगेको थियो । तर चालु वर्षमा वार्षिक अवधि पूरा नहुँदै ११ महिनामै उक्त रेकर्ड तोडिएको हो । नेपालको वैदेशिक व्यापार इतिहासमा २० खर्ब रुपैयाँ नाघेको यो तेस्रो अवसर हो । गत आर्थिक वर्ष २०८१/८२ मा कुल वैदेशिक व्यापार २० खर्ब ८१ अर्ब १५ करोड रुपैयाँ पुगेको थियो ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र (टीईपीसी) का सूचना अधिकारी कृष्णराज बजगाईंका अनुसार अघिल्लो पटक वैदेशिक व्यापारको आकार बढ्नुमा आयातको अस्वाभाविक विस्तार मुख्य कारण थियो । तर यसपटकको उपलब्धिमा निर्यात व्यापारको उल्लेखनीय वृद्धि सकारात्मक पक्षका रूपमा देखिएको छ । उहाँले निर्यात व्यापारले ऐतिहासिक उचाइ हासिल गरेको बताउँदै अब यसलाई थप दिगो र प्रतिस्पर्धी बनाउने दिशामा सरकार, निजी क्षेत्र तथा सरोकारवालाहरूले संयुक्त प्रयास गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

**निर्यातले बनायो नयाँ इतिहास**

चालु आर्थिक वर्षको ११ महिनामा नेपालबाट दुई खर्ब ७७ अर्ब ९६ करोड ७२ लाख रुपैयाँ बराबरको वस्तु निर्यात भएको छ । यो नेपालको इतिहासकै उच्च निर्यात हो । गत आर्थिक वर्षको १२ महिनामा कुल निर्यात दुई खर्ब ७७ अर्ब तीन करोड रुपैयाँ रहेको थियो। यसरी हेर्दा गत वर्षको वार्षिक रेकर्ड यस वर्ष ११ महिनामै पार गरिएको छ ।

गत आर्थिक वर्षको सोही अवधिमा दुई खर्ब ४७ अर्ब ५७ करोड रुपैयाँ बराबरको निर्यात भएको थियो। तुलनात्मक रूपमा चालु वर्षमा निर्यात १२.२८ प्रतिशतले बढेको देखिन्छ । जेठ मसान्तसम्म नेपालको कुल आयात १८ खर्ब ९४ अर्ब रुपैयाँ पुगेको छ भने निर्यात दुई खर्ब ७७ अर्ब रुपैयाँ रहेको छ । यस अवधिमा व्यापार घाटा १६ खर्ब १६ अर्ब रुपैयाँ पुगेको छ। आयात-निर्यात अनुपात ६.८१ रहेको छ भने कुल व्यापारमा आयातको हिस्सा ८७.२० प्रतिशत र निर्यातको हिस्सा १२.८० प्रतिशत रहेको छ ।

**सोयाबिन तेल निर्यातको ठूलो योगदान**

यस वर्ष निर्यातमा आएको उल्लेखनीय वृद्धिमा सोयाबिन तेलको प्रमुख भूमिका रहेको छ । नेपालले ११ महिनाको अवधिमा एक खर्ब १३ अर्ब रुपैयाँ बराबरको सोयाबिन तेल निर्यात गरेको छ । तेस्रो मुलुकबाट कच्चा पदार्थ आयात गरी नेपालमा प्रशोधन गरेर भारतीय बजारमा निर्यात गरिने सोयाबिन तेलले निर्यात वृद्धिमा महत्वपूर्ण योगदान दिएको हो ।

टीईपीसीका अधिकारी बजगाईंका अनुसार यस्ता वस्तुहरूको निर्यातबाट नेपालमा मूल्य अभिवृद्धि हुने, उद्योग सञ्चालन हुने र रोजगारी सिर्जना हुने भएकाले मुलुकले प्रत्यक्ष लाभ प्राप्त गरिरहेको छ । उहाँले यस्तो व्यापारिक संरचनालाई दीर्घकालीन रूपमा दिगो बनाउने नीति आवश्यक रहेको बताउनुभयो ।

**अलैंची र कार्पेटको निर्यात पनि उत्साहजनक**

निर्यात हुने वस्तुमध्ये दोस्रो स्थानमा अलैंची रहेको छ । चालु वर्षमा १२ अर्ब एक करोड रुपैयाँ बराबरको अलैंची निर्यात भएको छ, जुन गत आर्थिक वर्षको कुल वार्षिक निर्यातभन्दा झण्डै दोब्बर हो । गत वर्ष अलैंची निर्यातबाट सात अर्ब ६८ करोड रुपैयाँ आम्दानी भएको थियो । नेपालमै उत्पादन हुने अलैंचीजस्ता कृषि तथा वनजन्य उत्पादनको निर्यात वृद्धिले दिगो निर्यात संरचना निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने विज्ञहरूको धारणा छ ।

त्यसैगरी तेस्रो स्थानमा कार्पेट रहेको छ । ११ महिनामा नौ अर्ब ३८ करोड रुपैयाँ बराबरको कार्पेट निर्यात भएको छ । चौथो स्थानमा सात अर्ब ९९ करोड रुपैयाँको सूर्यमुखी तेल र पाँचौं स्थानमा छ अर्ब १४ करोड रुपैयाँ बराबरको पाम आयल निर्यात भएको तथ्यांकले देखाएको छ । यद्यपि निर्यात रकम बढे पनि कुल वैदेशिक व्यापारमा निर्यातको हिस्सा २.१८ प्रतिशतले घटेको छ । यसको मुख्य कारण आयातको वृद्धि दर निर्यातको तुलनामा अझ तीव्र हुनु हो ।

**आयातमा इन्धनको दबाब**

चालु आर्थिक वर्षमा आयातको आकार बढ्नुमा इन्धन तथा कच्चा पदार्थ आयातको प्रमुख भूमिका देखिएको छ । विश्वव्यापी मूल्यवृद्धिको असरका कारण नेपालले गत वर्षको तुलनामा कम परिमाणको इन्धन आयात गर्दा पनि बढी रकम खर्च गर्नुपरेको अवस्था देखिएको छ । भन्सार विभागका अनुसार डिजेल आयातमा मात्रै एक खर्ब ५२ अर्ब रुपैयाँ विदेशिएको छ । कच्चा सोयाबिन तेल आयातमा एक खर्ब १९ अर्ब रुपैयाँ खर्च भएको छ । पेट्रोल आयातमा ६८ अर्ब १७ करोड तथा खाना पकाउने एलपी ग्यास आयातमा ५२ अर्ब २१ करोड रुपैयाँ बाहिरिएको छ ।

त्यसैगरी ४३ अर्ब ४५ करोड रुपैयाँ बराबरका स्मार्टफोन आयात भएका छन् भने २५ अर्ब ७५ करोड रुपैयाँको सुन नेपाल भित्रिएको छ । सवारीसाधन तथा तिनका पार्टपुर्जा आयातमा एक खर्ब १२ अर्ब रुपैयाँ खर्च भएको छ । तथ्यांकअनुसार इन्धन आयातमा मात्र तीन खर्ब ४३ अर्ब रुपैयाँ खर्च भएको छ । त्यस्तै वनस्पति तेल तथा घिउ उद्योगका लागि आवश्यक कच्चा पदार्थ आयातमा एक खर्ब ६२ अर्ब रुपैयाँ बराबरको विदेशी मुद्रा बाहिरिएको छ ।

**भारत र चीन प्रमुख व्यापार साझेदार**

नेपालको वैदेशिक व्यापारमा भारत र चीन अझै पनि प्रमुख साझेदार राष्ट्रका रूपमा रहेका छन् । चालु आर्थिक वर्षको ११ महिनामा भारतबाट १० खर्ब ९२ अर्ब रुपैयाँ बराबरको वस्तु आयात भएको छ भने नेपालबाट भारततर्फ दुई खर्ब २८ अर्ब रुपैयाँ बराबरको वस्तु निर्यात भएको छ ।

चीनबाट तीन खर्ब ८२ अर्ब रुपैयाँ बराबरको वस्तु आयात हुँदा नेपालले चीनतर्फ जम्मा एक अर्ब ५८ करोड रुपैयाँ बराबरको वस्तु मात्र निर्यात गर्न सकेको छ । यसले नेपाल-चीन व्यापारमा ठूलो असन्तुलन रहेको देखाउँछ । त्यसैगरी अर्जेन्टिनाबाट एक खर्ब पाँच अर्ब रुपैयाँ बराबरको वस्तु आयात भएको छ । संयुक्त अरब इमिरेट्स (यूएई) बाट ५० अर्ब ९९ करोड रुपैयाँ बराबरको वस्तु आयात हुँदा नेपालबाट त्यहाँ एक अर्ब ६२ करोड रुपैयाँ बराबरको निर्यात भएको छ ।

अमेरिकासँगको व्यापार तुलनात्मक रूपमा सन्तुलित देखिएको छ । अमेरिकाबाट २९ अर्ब १० करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ भने नेपालले त्यहाँ १८ अर्ब ५८ करोड रुपैयाँ बराबरको वस्तु निर्यात गरेको छ । नेपालले हाल विश्वका एक सय ५० भन्दा बढी देशसँग व्यापार गर्दै आएको भए पनि कुल व्यापारको ठूलो हिस्सा भारत र चीनमै केन्द्रित रहेको देखिन्छ ।

निर्यातमा आएको ऐतिहासिक वृद्धिले सकारात्मक संकेत दिएको भए पनि बढ्दो आयात र विशाल व्यापार घाटाले नेपाली अर्थतन्त्रका चुनौतीहरू अझै कायम रहेको तथ्यलाई उजागर गरेको छ । अर्थविद्हरूका अनुसार अबको प्राथमिकता स्वदेशी उत्पादन विस्तार, निर्यातयोग्य वस्तुको विविधीकरण तथा आयात प्रतिस्थापनमार्फत व्यापार सन्तुलनतर्फ केन्द्रित हुनुपर्ने देखिएको छ ।

# संस्थागत विद्यालयका शिक्षकलाई तालिम

**●राप्तीपोष्ट समाचारदाता**



घोराही, ८ असार । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) घोराही नगर कमिटीले प्राथमिक तहका शिक्षकहरुलाई तालिम दिएको छ ।

निरन्तर मुल्यांकन प्रणाली (क्यास)का विषयमा प्राथमिक तहका शिक्षक, विद्यालयका प्रिन्सिपल, भाइस प्रिन्सिपल तथा संयोजकहरुलाई प्रशिक्षित गरिएको थियो । कक्षा पाँचसम्म पूर्णरुपमा निरन्तर मुल्यांकन प्रणाली सञ्चालन भएपछि प्याब्सन घोराहीले एकदिने तालिम सञ्चालन गरेको हो ।

प्याब्सन घोराहीका अध्यक्ष बालकृष्ण ओलीको अध्यक्षतामा भएको तालिमका प्रशिक्षकमा यादव गिरी र शिक्षा, युवा तथा खेलकुद महाशाखा तुलसीपुरका वरिष्ठ शिक्षा अधिकृत मनबहादुर खड्का रहनुभएको थियो । प्रशिक्षक गिरीले प्रभावकारी निरन्तर मुल्यांकन प्रणाली कार्यान्वयनः शिक्षण, मुल्यांकन र विद्यालय नेतृत्वको रुपान्तरणका विषयमा प्रशिक्षण दिनुभएको थियो । यसैगरी, अर्को प्रशिक्षक खड्काले निरन्तर मुल्यांकन प्रणालीः मुल्यांकन विधि र प्रक्रियाका विषयमा प्रशिक्षार्थीहरुलाई प्रशिक्षित गर्नुभएको थियो ।

प्रशिक्षकहरुले निरन्तर मुल्यांकन प्रणालीले विद्यार्थीहरुको सिकाइ उपलब्धिलाई प्रभावकारी बनाउने भन्दै परम्परागत शिक्षण तथा मुल्यांकन शैलीबाट शिक्षकहरु मुक्त हुनुपर्नेमा जोड दिनुभएको थियो । उहाँहरुले विद्यार्थीहरुको मुल्यांकनमा अनुहार हेरेर र हचुवा तरिकाले नभइ वास्तविक सूचकहरु तयार गरि मुल्यांकन गर्नुपर्ने बताउनुभयो ।

प्याब्सन घोराही नगर कमिटीका उपाध्यक्ष मानसिंह घर्तीको स्वागत मन्तव्यबाट सुरु भएको तालिम उद्घाटन कार्यक्रमको सञ्चालन नगर कमिटीका सचिव विमल भण्डारीले गर्नुभएको थियो । तालिममा प्याब्सन घोराहीमा आबद्ध ५६ विद्यालयका दुई सय ४६ जना शिक्षकहरुको सहभागीता थियो ।





# केप भर्डको विश्वकप यात्रा रोमाञ्चक

**●राप्तीपोष्ट समाचारदाता**



दाङ, ८ असार । विश्वकपमा पहिलो पटक सहभागी भएको अफ्रिकी मुलुक केप भर्डले आफ्नो ऐतिहासिक यात्रालाई थप रोमाञ्चक बनाएको छ । अमेरिकाको मियामीमा भएको खेलमा दुई पटकको विश्व विजेता उरुग्वेलाई २-२ गोलको बराबरीमा रोक्दै केप भर्डले फुटबल जगतलाई फेरि एकपटक स्तब्ध पारेको छ ।

खेलको २१ औं मिनेटमा केभिन पिनाले लामो दूरीबाट प्रहार गरेको फ्रि-किक गोलमा परिणत भएपछि केप भर्डले अप्रत्याशित अग्रता लिएको थियो । पहिलो खेलमा स्पेनलाई बराबरीमा रोकेर चर्चा बटुलेको यस टोलीले उरुग्वे विरुद्ध पनि उत्तिकै निडर प्रदर्शन गऱ्यो ।

केप भर्डले अग्रता लिएपछि उरुग्वेले कडा दबाब दियो । म्याक्सी आराउजो र अगस्टिन कानोबियोले गोल गरेपछि पहिलो हाफमा उरुग्वे २-१ ले अघि बढ्यो । यस्तो लाग्थ्यो कि केप भर्डको जादु अब समाप्त हुनेछ । तर, हार नमान्ने स्वभाव भएको अफ्रिकी टोलीले दोस्रो हाफमा उरुग्वेको रक्षापङ्क्तिको गल्तीको भरपूर फाइदा उठायो । हेलियो भारेलाले सुन्दर गोल गर्दै खेललाई २-२ को बराबरीमा ल्याए ।

खेलको अन्त्यतिर उरुग्वेका स्टार खेलाडी फेडरिको भाल्भर्डेले गोल गरेका थिए, तर भिएआर चेकपछि त्यसलाई 'अफसाइड' घोषित गरियो । दुवै टोलीले अन्तिम समयमा गोल गर्ने केही अवसर पाए पनि सदुपयोग गर्न सकेनन् र खेल बराबरीमा सकियो ।

यो बराबरीसँगै केप भर्डले २ खेलबाट २ महत्वपूर्ण अङ्क जोडेको छ । दुईवटा विश्व विजेता टोलीहरू (स्पेन र उरुग्वे) सँग बराबरी खेल्नु केप भर्डका लागि कुनै जितभन्दा कम छैन । अब अन्तिम खेलमा साउदी अरबलाई हराउन सकेमा केप भर्डले इतिहास रच्दै नकआउट चरणमा स्थान बनाउन सक्नेछ ।

# गत संस्करणमा विद्यालयमा अहिले मैदानमा

**●राप्तीपोष्ट समाचारदाता**



काठमाडौं, ८ असार । लमिन यामलको पुनरागमनसँगै स्पेनले फिफा विश्वकप २०२६ मा साउदी अरबलाई ४-० को फराकिलो अन्तरले हराउँदै उत्कृष्ट प्रदर्शन गरेको छ ।

अमेरिकाको एटलान्टा रंगशालामा खेल सुरु हुन ४३ मिनेट बाँकी छँदै दर्शकहरूको पहिलो ठूलो हुटिङ सुनियो, जब क्यामेराले लमिन यामललाई पर्दामा देखायो । रंगशालाको विशाल ३६० डिग्री स्क्रिनमा आफूलाई देखेपछि यामलले मुस्कुराउँदै दर्शकहरूलाई अभिवादन गरे ।

खेल सुरु भएको एक घण्टा नबित्दै उनले आफ्नो खेल जीवनको पहिलो विश्वकप गोलको खुसी मनाए । आफ्नो दोस्रो विश्वकप खेलमै उनले देखाएको जादुले स्पेनिस टोली र प्रशिक्षक लुइस डे ला फुएन्टेलाई उत्साहित बनायो भने साउदी अरबको टोली उनलाई रोक्नमै व्यस्त देखियो ।

आफ्नो पहिलो 'स्टार्टिङ' खेलमै यामललाई गोल गर्न मात्र ५९८ सेकेन्ड (करिब १० मिनेट) लाग्यो । यो उपलब्धिले उनलाई विश्वकप इतिहासमा गोल गर्ने आठौं कान्छो खेलाडी बनाएको छ । खेलपछि यामलले भावुक हुँदै भने, 'यो निकै विशेष छ । मैले सधैं विश्वकप खेल्ने सपना देखेको थिएँ, र पहिलो स्टार्टमै गोल गर्नु सपना पूरा भएजस्तै हो । अघिल्लो विश्वकप त म स्कुलबाट हेर्दै थिए ।'

स्पेनका प्रशिक्षक डे ला फुएन्टेले खेलमा सहज अग्रता पाएपछि यामललाई थप चोट नलागोस् भनेर आराम दिएको बताए । उनले भने, 'हामी हाम्रा खेलाडीहरूले उच्च मनोबलका साथ खेलिरहेको देख्दा निकै खुसी छौं ।'

मध्यपंक्तिका खेलाडी एलेक्स बाएनाले पनि यामलको प्रशंसा गर्दै भने, 'लमिन मैदानमा हुनु नै हाम्रो लागि ठूलो कुरा हो । उनले आफ्नो उपस्थितिले मात्रै पनि विपक्षीलाई दबाबमा राख्छन् । उनी प्रशिक्षण र खेल दुवैमा निकै तीक्ष्ण र केन्द्रित देखिन्छन् ।' २१ जुन २०२६ को दिन यमलका लागि सधैं यादगार रहनेछ । यो दिन एक यस्तो खेलाडीको उदयको रूपमा चिनिनेछ, जसको प्रतिभाले आगामी धेरै विश्वकपहरूमा अमिट छाप छोड्ने निश्चित छ । यामलको आगमनसँगै स्पेनले नयाँ उर्जा पाएको छ ।

**गोलको चर्चा चुलिँदै**

फुटबलको इतिहासमा केही यस्ता क्षणहरू हुन्छन्, जसले दशकौंसम्म चर्चा पाउँछन् । सन् १९५८ को विश्वकपमा १७ वर्षका एक किशोरले गोल गर्दा विश्व फुटबलले 'पेले' नामको नयाँ सम्राट पाएको थियो । ठिक ६८ वर्षपछि, सन् २०२६ को विश्वकपमा स्पेनका १८ वर्षीय लामिन यमलले साउदी अरबविरुद्ध गोल गर्दै विश्व फुटबलमा उस्तै सनसनी मच्चाएका छन् ।

यमल अब विश्वकपको इतिहासमा गोल गर्ने पेलेपछिकै दोस्रो कान्छा खेलाडी बनेका छन् । यो केवल एक गोल मात्र थिएन, यो त विश्व फुटबलमा एक नयाँ 'युग' को सुरुवातको संकेत थियो । समूह 'एच' अन्तर्गत साउदी अरबविरुद्धको खेलमा स्पेन दबाबमा थियो । पहिलो खेलमा केप भर्डसँग बराबरीमा रोकिएपछि स्पेनलाई यो जित अनिवार्य थियो । प्रशिक्षक लुइस डे ला फुएन्टेले चोटबाट भर्खरै फर्किएका १८ वर्षीय लामिन यमललाई सुरुवाती ११ मा राखेर ठूलो जोखिम मोलेका थिए ।

**यमलले रचेको इतिहासकाः-**

**पेलेसँगको विशेष सूचीमाः** यमल १८ वर्ष वा सोभन्दा कम उमेरमा विश्वकपको खेलमा 'गोलको खाता खोल्ने' दोस्रो खेलाडी बनेका छन् । यसअघि यो उपलब्धि सन् १९५८ को विश्वकपमा १७ वर्षीय पेलेले ब्राजिलका लागि गरेका थिए ।

**युवा गोलकर्ताः** १८ वर्ष ३४३ दिनको उमेरमा गोल गर्दै उनी फिफा विश्वकपको इतिहासमा आठौं कान्छो गोलकर्ता बनेका छन् ।

**मेस्सीभन्दा अगाडिः** यमलले आफ्नो पहिलो विश्वकप गोल लियोनल मेस्सीले आफ्नो पहिलो विश्वकप गोल गर्दाको उमेरभन्दा मात्र १४ दिन कान्छो हुँदा गरेका हुन् । मेस्सीले १८ वर्ष ३५७ दिनको उमेरमा आफ्नो पहिलो गोल गरेका थिए ।

**दोहोरो कीर्तिमानः** यमल यस्तो कान्छो खेलाडी बनेका छन्, जसले युरोकप र विश्वकप दुवै प्रतियोगितामा गोल गरेका छन् । उनले गत वर्षको युरोकपमा गोल गर्दै सबैभन्दा कान्छो गोलकर्ताको कीर्तिमान बनाएका थिए ।

तर, खेलको १०औं मिनेटमै यमलले आफ्नो जादु देखाए । मिकेल ओयार्जाबलको उत्कृष्ट पासलाई नियन्त्रणमा लिँदै उनले साउदीका डिफेन्डरहरूलाई जिल ख्वाएर बललाई जाली चुमाए । रंगशालामा उपस्थित हजारौं दर्शक 'यमल-यमल' को नाराले गुञ्जायमान भयो । यो गोलसँगै उनले ब्राजिलियन लेजेन्ड पेलेको कीर्तिमान नजिक पुग्ने सौभाग्य पाए ।

फुटबल तथ्याङ्कका अनुसार १८ वर्ष वा सोभन्दा कम उमेरमा विश्वकपमा गोल गर्ने खेलाडीहरूको सूची निकै छोटो छ । सन् १९५८ मा पेलेले वेल्सविरुद्ध गोल गर्दा उनी १७ वर्ष २३९ दिनका थिए । यमलले १८ वर्षको उमेरमा यो उपलब्धि हासिल गरेर विश्वका ठूला हस्तीहरूलाई समेत पछि पारेका छन् ।

अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले यमललाई 'आधुनिक फुटबलको नयाँ लियोनल मेस्सी' वा 'स्पेनको नयाँ आशा' को रूपमा व्याख्या गर्न थालेका छन् । यमलको गोलपछि स्पेनले खेलमा पूर्ण रूपमा एकतर्फी राज गऱ्यो । मिकेल ओयार्जाबलले थप दुई गोल गरे भने साउदीका हस्सान अल ताम्बक्तीले आत्मघाती गोल गरेपछि स्पेन ४-० ले विजयी भयो । तर, खेलको केन्द्रबिन्दु भने यमल नै रहे । उनले मैदानमा देखाएको 'ड्रिब्लिङ', 'भिजन' र 'शान्त स्वभाव' ले उनलाई कुनै अनुभवी खेलाडीभन्दा कम देखाएको थिएन ।

## स्वस्थ ...

हामीले भौतिक उपाय अवलम्बन गरेर पाउने सन्तुष्टि चिरस्थायी हुँदैन, सो क्षणिक मात्र हुन्छ । किनभने एउटा इच्छाको पूर्तिपछि मानिलाई अर्कै इच्छाले सताउने गर्छ । केवल दुःखको स्वरूप मात्र परिवर्तन हुन्छ । भौतिक उपायको प्रयोगले तर दुःखको निवारण आध्यात्मिक उपायबाहेक अन्यबाट सम्भव छैन । योगले कामनाको कसरी पूर्ति गर्ने भन्ने होइन, कामनामाथि विजय हासिल गर्नेमा जोड दिन्छ । हाम्रा असङ्ख्य र असीमित आकाङ्क्षा वा कामनाले प्रकृतिमाथि एकपछि अर्को बोझ मात्र थपिरहेको छ, जसबाट हामी आज प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, प्राकृतिक साधन, स्रोतको अभाव जस्ता समस्याको सामना गर्दै अन्त्यमा समग्र प्राकृतिक विनाशतिर अघि बढिरहेका छौं । हाम्रा चरम विलासिता, सुख सयलउन्मुख र मनमौजी जीवनका कारण प्रकृतिको अति दोहन, प्राकृतिक स्रोतको अतिक्रमण र वातावरणीय विनाशको जोखिममा वृद्धि भइरहेको छ, जसले आउँदो पुस्तालाई एक सुन्दर र स्वस्थ पृथ्वी हस्तान्तरण गर्ने कार्य असम्भव जस्तै भएको छ । **- (गोरखापत्रबाट)**

## जरुरी फोन नम्बरहरू

प्रहरी
प्रहरी कन्ट्रोल १००
जिल्ला प्रहरी कार्यालय दाङ ५६०१९९
प्रहरी उपरिक्षक ५६२३६३, ९८५७८०५५५५, ९८५१२८०३९१, ९८०२५०३२५५
नगर (प्रहरी घोराही) ५६०९९९
इप्रका तुलसीपुर ५२००२०
इप्रका लमही ५४०१४०
इप्रका भालुवाङ ५८००८४
ट्रफिक कार्यालय ५६००४१
अंचल प्रहरी ५२०१९९
सशस्त्र प्रहरी बेस क्याम्प तुलसीपुर ५२१८९१

अस्पताल
राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ५६०११९
आयुर्वेद चिकित्सालय, बिजौरी ५२०१०५
राप्ती प्रादेशीक अस्पताल, तुलसीपुर ५२००११
प्राथमिक स्वास्थ्य केन्द्र लमही ५४००११
राप्ती आँखा अस्पताल रक्षाचौर ५२०१६५
ब्लड बैंक घोराही ५६१४६०
पशु सेवा कार्यालय ५६००२१
आँखा उपचार केन्द्र ५६०८०३
अपाङ्ग समाज सुधार केन्द्र फिजियोथेरापी केन्द्र तुलसीपुरः ९८४४९०२९३८
गोर्खा पब्लिक अस्पताल ०८२-५६३४१४

एम्बुलेन्स
राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ५६०११९, ९८४७८२६४२०, (ड्राइभर)
रेडक्रस, दाङ ५२००२२
लायन्स क्लव अफ तुलसीपुर ५२०८९९
*(ड्राइभर ९८४७८९१०२७ ड्राइभर ९८४४९६७५५३)*
देउखुरी उद्योग वाणिज्य संघ ५४०१०१
राप्ती सेवा संघ ५६२०७४
नेपाल भारत मैत्री संघ तुलसीपुर ५२१६१०
राप्ती प्रादेशिक अस्पताल ५२१०११
स्वास्थ्य चौकी सिसहनीया ६९२२२८
प्राथमिक स्वास्थ्य केन्द्र स्यूजा ९७४८५१७७०४
प्राथमिक स्वास्थ्य केन्द्र लमही ५४००११
लायन्स क्लव तुलसीपुर ५२२३७६
प्रा.स्वा.के. श्रीगाउँ बागर ९७४८५२९९२३
नेपाल सामुदायिक विकास संस्था घोराही ५६१६१५
दाङ देउखुरी होटल व्यवसायी ५६२६२२
तुलसीपुर उद्योग वाणिज्य संघ ५२०८९३
उपस्वास्थ्य चौकी नारायणपुर ९८०६२८४९१९(ड्राइभर)
कमल बहुउद्देशिय सहकारी ५२२६०३
गढवा स्वास्थ्य चौकी ड्रा.९८४४९३०८३३, ९९३८२१११४
घोराही हस्पिटल प्रा.लि. ०८२-५६३२९७, ९८५७८३२३३३
सुवास स्मृति उपभोक्ता सहकारी धनौरी ९८१२८०००२६
नेपाल आमा समूह : चालक. ९८५७८३४९९०, ९८५७८३४९९१
रोल्पाली समाज सेवा, घोराही, दाङ चा.९८४७९५९६३०, ९८५७८३४७६०
विष्णुदेवी फाउण्डेशन : ९८६६९३०३२८

वारुणयन्त्र
घोराही ५६०४९९ लमही ५४०००३
तुल्सीपुर ५२०३०५

पार्टी कार्यालय
नेकपा (एमाले) ५६०२३०
नेपाली काँग्रेस ५६०२२९
राष्ट्रिय जनमोर्चा ५६०३८४
ए.नेकपा (माओवादी) ५६१६९२
नेकपा माले ९८४७८२७३९३

केही सरकारी कार्यालय
जिल्ला प्रशासन, दाङ ५६०१३३
घोराही उपमहानगरपालिका ५६०४७०
जिल्ला समन्वय समिति दाङ ५६००३८, ५६०१४४
जिल्ला अदालत ५६०२४५
जिल्ला जनस्वास्थ्य कार्यालय ५६२०३९
जिल्ला हुलाक कार्यालय ५६००२४
शिक्षा विकास तथा समन्वय इकाई ५६०००९
नेपाल टेलीकम घोराही ५६००४४
नेपाल टेलीकम तुल्सीपुर ५२००४४
नेपाल विद्युत प्राधिकरण ५६००३७
जिल्ला कृषि विकास कार्यालय टल फ्री नम्बर ६६०८२५६३३३

संघ संस्था/विविध
नेपाल पत्रकार महासंघ ५६१४९७
दाङ उद्योग वाणिज्य संघ ५६००६३
नेपाल वार एशोसिएसन ५६१४५३
घोराही वुकिङ काउन्टर ५६०४१५

सुनौं दाङलाई

रेडियो मध्यपश्चिम
९१.४ मेगाहर्ज
विहान ५:०० देखि राती ११:०० बजेसम्म
आवाज हिनको आवाज पश्चिम नेपालको आवाज

रेडियो स्वर्गद्वारी
१०२.८ मेगाहर्ज
विहान ५:०० देखि राती १०:०० बजेसम्म

रेडियो इन्द्रेणी
९२.४ मेगाहर्ज
विहान ५:०० देखि राती १०:०० बजेसम्म
पल पलको साथी

रेडियो सञ्जीवनी
९१ मेगाहर्ज
विहान ५:३० देखि राती १०:०० बजेसम्म

रेडियो झरना
८८.०० मेगाहर्ज
विहान ५:३० देखि राती ११:०० बजेसम्म
हिमाल पहाड तराइको एउटै आवाज

रेडियो तुलसीपुर
१००.२ मेगाहर्ज
विहान ५:०० देखि राती १०:०० बजेसम्म

रेडियो प्रकृति
९३.४ मेगाहर्ज
विहान ५:०० देखि राती ११:०० बजेसम्म
नेपालकै पहिलो वातावरण मैत्री रेडियो

रेडियो हाम्रो पहुँच
८९.०० मेगाहर्ज
विहान ५:०० देखि राती १०:०० बजेसम्म
गणतान्त्रिक नेपालको समावेशी आवाज

रेडियो हाईवे
१०३.५ मेगाहर्ज
विहान ५:०० देखि राती ११:०० बजेसम्म
समावेशी विचारको समावेशी आवाज

रेडियो नयाँ युग
१०७.३ मेगाहर्ज
विहान ५:००-११:०० राती ३:००-११:००
सुशासन, न्याय र रुपान्तरण हाम्रो अभियान

रेडियो देउखुरी
१०५.८ मेगाहर्ज
विहान ५:००-११:०० राती ३:००-१०:०० बजेसम्म

रेडियो हापुरे
८९.४ मेगाहर्ज
विहान ५:०० देखि १२:१५ दिउँसो २:००- राती १०:०० बजेसम्म

रेडियो साझा आवाज
गढवा, देउखुरी

# ९२ बर्षपछि पहिलो जित

**●राप्तीपोष्ट समाचारदाता**

दाङ, ८ असार । सन् १९३४ मा पहिलो पटक विश्वकप खेलेको इजिप्टले ९२ वर्षको लामो प्रतीक्षापछि प्रतियोगितामा आफ्नो पहिलो जित हात पारेको छ । यो इजिप्ट जस्तो गर्विलो फुटबल राष्ट्रको इतिहासमा एक अविस्मरणीय क्षण हो । यो जितसँगै इजिप्ट समूह 'जी' को शीर्ष स्थानमा पुगेको छ र नकआउट चरणमा पुग्ने बलियो सम्भावना बनाएको छ ।

इजिप्टका लेजेन्डरी खेलाडी मोहम्मद सलाहले खेलमा उत्कृष्ट प्रदर्शन गर्दै एक गोल गरे र अर्को गोलका लागि अवसर मिलाइदिए । त्यस्तै, मोस्टाफा जिकोले पनि एक गोल र एक 'असिस्ट' गर्दै टोलीको जितमा महत्वपूर्ण भूमिका निभाए ।

न्युजिल्याण्डले खेलभरि नै निकै हिम्मत र कौशलताका साथ प्रदर्शन गऱ्यो । हारका बाबजुद पनि उनीहरूको नकआउट चरणमा पुग्ने आशा अझै जीवितै छ । खेलमा सुरुमा पछि परेको अवस्थालाई उल्टाउँदै इजिप्टले न्युजिल्याण्डलाई ३-१ ले पराजित गरेको हो । यो जितले इजिप्ट इतिहासमै पहिलो पटक समूह चरण पार गर्ने बाटोमा देखिएको छ ।

खेलको १५औं मिनेटमा टिम पेनको कर्नरमा फिन सुरम्यानले हेडमार्फत गोल गर्दै न्युजिल्याण्डलाई सुरुवाती अग्रता दिलाएका थिए । यसअघि इरानसँगको खेलमा पनि अग्रता जोगाउन नसकेको न्युजिल्याण्डले यसपटक पनि त्यस्तै नियति भोग्यो ।

इजिप्टका प्रशिक्षक होसाम हसानले खेलको रणनीतिमा केही परिवर्तन गरेपछि टोलीले दोस्रो हाफको २४ मिनेटभित्र ३ गोल गर्न सफल भयो । खेलको ५८औं मिनेटमा मोहम्मद हानीको क्रसमा मोस्टाफा जिकोले हेडमार्फत गोल गर्दै खेल बराबरीमा ल्याए ।

त्यसपछि सलाहले पेनाल्टी एरियामा जिकोसाग पास साटासाट गर्दै उत्कृष्ट गोल गरेर इजिप्टलाई अग्रता दिलाए । खेलको ८२औं मिनेटमा सलाहकै कर्नरमा मैदान छिरेका वैकल्पिक खेलाडी ट्रेजेगुएले हेडमार्फत गोल गर्दै इजिप्टको ३-१ को जित पक्का गरे ।

आफ्नो चौथो विश्वकप सहभागितामा इजिप्टले पहिलो जित दर्ता गरेको हो । अब आगामी शनिबार हुने खेलमा इरानलाई हराएमा इजिप्ट समूह विजेता बन्नेछ । यता न्युजिल्याण्डले भने प्रतियोगितामा अघि बढ्न बेल्जियमविरुद्धको खेलमा जित निकाल्नै पर्ने दबाब छ ।

# एमाले उपाध्यक्ष पौडेल पक्राउ

**●राप्तीपोष्ट समाचारदाता**

सुर्खेत, ८ असार । नेकपा (एमाले) का उपाध्यक्ष एवं पूर्वअर्थमन्त्री विष्णु पौडेललाई सुर्खेतबाट पक्राउ गरिएको छ । उहाँलाई सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाको अनुसन्धानको सिलसिलामा नियन्त्रणमा लिइएको बताइएको छ ।

स्रोतहरूका अनुसार सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको टोलीले सुर्खेतमा चलिरहेको पार्टीको संगठनात्मक कार्यक्रममा सहभागी रहेका पौडेललाई नियन्त्रणमा लिएको थियो । उहाँ पार्टीको चुनावी समीक्षा तथा पुनर्गठन कार्यदलले प्रदेशस्तरीय सुझाव संकलनका लागि आयोजना गरेको कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

यसैबीच, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको टोलीले काठमाडौं भैसेपाटीस्थित पौडेलको निवासमा समेत छापा मारेको छ । यस विषयमा सम्बन्धित निकायले औपचारिक रूपमा कुनै जानकारी सार्वजनिक गरिएको छैन ।

## घोराहीको ...

पूर्वाधार सुदृढीकरण, उपकरण व्यवस्थापन तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि मार्फत गुणस्तरीय सेवा उपलब्ध गराउने लक्ष्य राखिएको छ । जनस्वास्थ्य प्रवर्द्धनसंग सम्वन्धित कार्यक्रमका लागि आन्तरिक तर्फ तीन करोड आठ लाख, २५ हजार, संघ सरकारबाट प्राप्त अनुदान पाँच करोड ७० लाख र प्रदेश सरकारबाट प्राप्त अनुदान ३९ लाख गरी जम्मा नौ करोड १७ लाख २५ हजार रुपैया विनियोजन गरिएको छ ।

उपमहानगरपालिकाका १९ वटै वडा कार्यालयमार्फत सञ्चालन हुने विकास तथा सामाजिक कार्यक्रमका लागि ९ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । त्यसमध्ये पूर्वाधार विकासतर्फ पाँच करोड ३२ लाख रुपैयाँ तथा अन्य सामाजिक विकासका कार्यक्रम र कार्यालय सञ्चालनका लागि चार करोड १८ लाख रुपैयाँ छुट्याइएको छ । यसबाट वडास्तरमै स्थानीय आवश्यकता अनुसारका योजना कार्यान्वयन गर्न सहज हुने अपेक्षा गरिएको छ ।

सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउने उद्देश्यले सार्वजनिक सेवा, सुशासन, सूचना प्रविधि, सञ्चार तथा संस्थागत विकास सम्बन्धी कार्यक्रमका लागि एक करोड ३० लाख ४० हजार रुपैयाँ विनियोजन गरिएको छ । डिजिटल प्रविधिको प्रयोग विस्तार, अभिलेख व्यवस्थापन, नागरिक सेवा सुधार तथा प्रशासनिक क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

उपमहानगरपालिकाको दैनिक प्रशासनिक सञ्चालन, कर्मचारीको तलबभत्ता तथा आन्तरिक व्यवस्थापनका लागि ४५ करोड रुपैयाँ विनियोजन गरिएको छ । स्थानीय सरकार सञ्चालनका लागि आवश्यक नियमित खर्चलाई व्यवस्थित गर्दै सेवा प्रवाहमा कुनै अवरोध नआउने गरी बजेट व्यवस्थापन गरिएको उपमहानगरपालिकाले जनाएको छ ।

संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदानको अधिकांश हिस्सा शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा लक्षित कार्यक्रमहरूमा खर्च हुने भएकाले ती रकम बजेटको मुख्य संरचनामा समावेश नगरिएको जानकारी बजेट वक्तव्यमा दिइएको छ । सामाजिक सुरक्षा भत्ता लगायतका कार्यक्रम एकल खाता कोष प्रणालीमार्फत सञ्चालन हुने भएकाले ती रकम छुट्टै व्यवस्थापन हुने जनाइएको छ ।

उपप्रमुख डिसीले बजेटले आर्थिक विकास, सामाजिक न्याय, पूर्वाधार निर्माण, कृषि उत्पादन वृद्धि तथा सुशासनलाई एकीकृत रूपमा अघि बढाउने लक्ष्य लिएको बताउनुभयो । बजेट कार्यान्वयनबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि हुने, विद्यालयहरूको भौतिक तथा शैक्षिक अवस्था सुधार हुने, स्वास्थ्य सेवाको पहुँच विस्तार हुने तथा नगरवासीको जीवनस्तर उकासिने अपेक्षा गरिएको छ ।

घोराही उपमहानगरपालिकाले पछिल्ला वर्षहरूमा सडक, खानेपानी, शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा लगानी बढाउँदै आएको सन्दर्भमा आगामी वर्षको बजेटले ती कार्यक्रमलाई निरन्तरता दिएको छ । यद्यपि बजेटको प्रभावकारिता भने यसको कार्यान्वयन क्षमतामा निर्भर रहने देखिन्छ । विगतका वर्षहरूमा जस्तै योजना सम्पन्नता, समयमै बजेट खर्च र विकास आयोजनाको गुणस्तर आगामी वर्षका प्रमुख चुनौतीका रूपमा रहनेछन् ।

नगरसभामा प्रस्तुत बजेटमाथि बुधबार छलफल हुने भएको छ । नगर उप प्रमुख डिसीले घोारही उपमहानगरपालिकाको प्रस्तावित आर्थिक विधेयक प्रस्तुत गर्नुभएको थियो । यस्तै घोराही उपमहानगरपालिकाको विनियोजन विधेयक, २०८३ पनि प्रस्तुत गर्नुभएको थियो । नगर प्रमुख नरुलाल चौधरीले सभाको सञ्चालन गर्नुभएको थियो ।

## तुलसीपुर ...

पनि नगरभित्रका विभिन्न क्षेत्रलाई सडक सञ्जालमार्फत जोड्ने, ग्रामीण बस्तीलाई यातायात पहुँचमा ल्याउने तथा आर्थिक गतिविधिलाई सहज बनाउने लक्ष्यसहित बजेट विनियोजन गरिएको छ ।

उपमहानगरपालिकाले नगरको दीर्घकालीन विकाससँग सम्बन्धित गौरवका आयोजना तथा नगरस्तरीय परियोजनाका लागि आवश्यक बजेट छुट्याएको जनाएको छ । शहरीकरण व्यवस्थापन, सार्वजनिक पूर्वाधार विकास, बजार व्यवस्थापन, पर्यटन प्रवर्द्धन तथा सामाजिक क्षेत्रसँग सम्बन्धित विभिन्न योजनालाई निरन्तरता दिइनेछ । नगरको समग्र विकासमा प्रत्यक्ष प्रभाव पार्ने परियोजनालाई प्राथमिकतामा राखिएको बजेट वक्तव्यमा उल्लेख छ । यसका साथै विगतदेखि सञ्चालनमा रहेका बहुवर्षीय योजनाहरूलाई निरन्तरता दिँदै समयमै सम्पन्न गर्ने लक्ष्य पनि लिइएको छ ।

तुलसीपुर उपमहानगरपालिकाले स्थानीय आवश्यकता र जनप्रतिनिधिहरूको सुझावलाई आधार मानेर वडा केन्द्रित विकास कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । प्रत्येक वडामा सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि, सिंचाइ तथा सामाजिक विकाससँग सम्बन्धित योजनाका लागि बजेट विनियोजन गरिएको छ । वडास्तरमै साना तथा मध्यम प्रकृतिका योजनाहरू कार्यान्वयन गरी नागरिकको दैनन्दिन जीवनमा प्रत्यक्ष सुधार ल्याउने लक्ष्य राखिएको छ ।

संघीय तथा प्रदेश सरकारसँगको साझेदारीमा सञ्चालन हुने विकास आयोजनाका लागि समेत बजेट व्यवस्थापन गरिएको छ । सहलगानीका कार्यक्रममार्फत ठूला पूर्वाधार आयोजना, सामाजिक विकासका कार्यक्रम तथा आर्थिक विकासका परियोजना कार्यान्वयन गरिने जनाइएको छ । यसले स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारबीचको समन्वयलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

बजेटले भौतिक पूर्वाधार विकाससँगै सेवा प्रवाह सुधारलाई पनि महत्वपूर्ण प्राथमिकतामा राखेको छ । नागरिकले स्थानीय सरकारबाट प्राप्त गर्ने सेवालाई छिटो, सहज, पारदर्शी र प्रविधिमैत्री बनाउने योजनालाई बजेटले समेटेको छ ।

सूचना प्रविधिको प्रयोग विस्तार, प्रशासनिक क्षमता अभिवृद्धि, सार्वजनिक उत्तरदायित्व तथा सुशासन प्रवर्द्धनका कार्यक्रमलाई समेत बजेटले प्राथमिकता दिएको छ । तुलसीपुर उपमहानगरपालिकाले आगामी आर्थिक वर्षको बजेटमार्फत विकास निर्माण, सेवा प्रवाह सुधार, आर्थिक अनुशासन र सुशासनलाई सँगसँगै अघि बढाउने प्रयास गरेको देखिन्छ। नगरको बढ्दो शहरीकरण, पूर्वाधार आवश्यकताको विस्तार तथा नागरिकको अपेक्षालाई सम्बोधन गर्ने गरी बजेट ल्याइएको बताइएको छ ।

नगरसभामा प्रस्तुत बजेटमाथि अब विस्तृत छलफल हुने र आवश्यक प्रक्रिया पूरा गरी कार्यान्वयनमा लगिनेछ। तुलसीपुर उपमहानगरपालिकाले सार्वजनिक गरेको दुई अर्ब ४४ करोडभन्दा बढीको बजेटले विकास निर्माण, पूर्वाधार विस्तार र नागरिक सेवा सुधारको महत्वाकांक्षी लक्ष्य तय गरेको छ । यसको सफल कार्यान्वयनले तुलसीपुरको समग्र विकास यात्रालाई थप गति दिने अपेक्षा गरिएको छ ।


## शिक्षक आवश्यकता !

**प्रस्तुत विषयमा यस विद्यालयमा रिक्त रहेको मा.वि. तहको नगर अनुदान गणित विषयको कोटामा शिक्षक पदपूर्ति गर्नका लागि लमही नगरपालिकाको च.नं. ३३२१, मिति २०८३/०३/०५को प्राप्त अनुमति पत्र अनुसार न.पा.को स्रोतबाट लमही नगरपालिका निजिस्रोत शिक्षक तथा कर्मचारी अनुदान सम्बन्धी कार्यविधि, २०८१ बमोजिम त.भ.सुविधा पाउने गरि मा.वि. तहको गणित विषय शिक्षकको खुल्ला प्रतिस्पर्धावाट करार शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले यस विद्यालयको वि.व्य.स.को मिति २०८३/०३/०८ गतेको निर्णय अनुसार तपसिल वमोजिमको योग्यता पुगेका उम्मेदवारहरूवाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरखास्त आह्वान गरिएको व्यहोरा सम्वन्धित सबैमा सूचित गरिन्छ।**

**तपसिलः**

विज्ञापन नं.ः **३/२०८२-०८३**

तहः मा.वि. पदः **शिक्षक** विषयः **गणित**

संख्याः **१** (एक) किसिमः **नगर अनुदान**

न्युनतम शैक्षिक योग्यताः **सम्वन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको** (सम्वन्धित विषयमा माथिल्लो योग्यता र अनुभवीलाई प्राथमिकता दिइनेछ ।

उमेरः **१८ वर्ष पुरा भई ४० वर्ष ननाघेको**

**आवश्यक कागजातहरूः**

१. हस्त लिखित निवेदन १ प्रति
२. शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरू २/२ प्रति
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २ प्रति
४. स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि २ प्रति

तलब सुविधाः **लमही न.पा.को नियमानुसार**

परीक्षाको किसिमः **लिखित, मौखिक तथा आवश्यक परेमा प्रयोगात्मक**

दरखास्त दिने अन्तिम मितिः **२०८३/०३/२२गते कार्यालय समय भित्र**

दरखास्त दस्तुरः **१५००।- (एक हजार पाँच सय रूपैंयाँ)**

सम्पर्क मितिः **२०८३/०३/२२ गते** (परीक्षा मिति सम्पर्क मितिमा तोकिने छ।)


**विस्तृत जानकारीको लागि सम्पर्क नम्वरः**

प्र.अ.९८४७८४०८३५, लेखा ९८४७९६७०६३ वि.व्य.स. अध्यक्ष ९७६१२७९३८०

**प्रधानाध्यापक**

**श्री सूर्य विनायक माध्यमिक विद्यालय**

**लमही- १ नर्ती, दाङ**



## बोरिङ्को पानी चाहिएमा

हामीकहाँ २८० फिट गहिराइबाट निकालिएको पानी होम डेलीभरीका साथ उपलब्ध गराइन्छ ।

**खरेल वाटर सप्लायर्स**

घोराही, ०८२-५६२०४५, कार्यालय ९८५७८३२६४५

## दाङको सान रून्टी ब्राण्ड सामान !

हामीकहाँ गुणस्तरीय हापुर ट्वाइलेट क्लिनर, कालो फिनायल, सेतो, फिनायल, भाँडा माझ्ने सावुन, हात धुने सावुन, लुगा धुने सावुन, नुहाउने सावुन, डिटर्जेन्ट पाउडर, ग्लास क्लिनर, टायल तथा मार्वल क्लिनर र गाडी धुलाइका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री उत्पादन गरिन्छ ।

**उत्पादकः प्रभु लघु उद्योग घोराही-१५ दाङ**

**फोन नं. ९८५७८३०५०४**

## हामीलाई सम्झनुहोस् !

तपाई बलियो भौतिक संरचना निर्माणको तयारीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस् । हामीकहाँ अत्याधुनिक मेसिनबाट धोएको सफा बालुवा, विभिन्न साइजका गिट्टीहरू उपलब्ध छ । हामी तपाईको निर्माणस्थलसम्म सेवा दिन तयार छौं ।

**समृद्धि माइनिङ एण्ड कन्सट्रक्सन प्रा.लि.**

मुख्य कार्यालय घोराही, दाङ

सम्पर्क नं. : ०८२-५६३८९३, ९०१३४८६३०, ९०१३४८६३१, ९८०१३४८६३३

## आइपुग्यो ! आइपुग्यो !

गर्मीयाममा २४ घण्टासम्म चिसो र जाडो याममा तातो हुने चिल्ड जार बजारमा आइपुग्यो ।



**स्वर्गद्वारी ड्रिङ्किङ वाटर**

प्रो. धर्मेन्द्र के.सी. सम्पर्क : ०८२-५६३०२१, मो. ९८४७८६२३७५

## वन डढेलो सम्बन्धी सचेतना !

✦वनमा डढेलो नलगाऔं, डढेलोले छिन भरमै बहुमुल्य काठ, जडिबुटी, वन्यजन्तु जलेर नष्ट हुन्छ ।
✦वन डढेलोबाट निस्कने कार्वनडाईअक्साईड जस्ता हानिकारक ग्यांसले हाम्रो स्वच्छ वातावरणलाई प्रदुषित गर्दछ, यसले गर्दा स्वास्थ्यमा प्रतिकुल असर गर्दछ ।
✦वनमा डढेलो नलगाऔं, कथम कदाचित लागि हालेमा सबै मिलि निभाऔं ।
✦वनमा आगो लगाउने वा आगालागी हुन जाने कुनै कार्य गर्नु वन अपराध हो, कसूर गर्नेलाई प्रचलित वन ऐन अनुसार बिगो असुल गरी कैद वा जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ, त्यसैले वनमा डढेलो नलगाऔं ।

डिभिजनल अधिकृत

**एवम् डिभिजन वन कार्यालय, देउखुरी**

लमही, ४ दाङ। मो. ९८५७८४१५१४

## सडक दुर्घटनाबाट बचौं र बचाऔं

★सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
★तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
★जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
★मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
★सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
★पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
★सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
★सवारी साधन नियमितरूपमा मर्मतसम्भार गरौं.
★दुर्घटना भएमा तुरून्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं।

***सावधानी अपनाऔं, बचौं र बचाऔं ।***

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## गोल्डका नयाँ इट्टा बजारमा

**'हाम्रो प्रतिवद्धता गुणस्तरीय इट्टा"**

गोल्ड ब्रिक ब्राण्डका इट्टा प्रयोग गर्नुहोस र जीवनभरका लागि ढुक्क हुनुहोस् ।


विगत २५ वर्ष देखि यहाँहरूको मन जित्दै आएको उच्च गुणस्तरको **गोल्ड ब्राण्डका** नयाँ इट्टाहरू उत्पादन भइसकेकाले आजै सम्पर्क राखी मौकाको फाइदा उठाउन अनुरोध छ ।

अग्रीम बुकिङ गर्नेलाई विशेष छुट दिइनेछ ।



प्रो. रोम वली:- ९८५७८३०२३२

**गोल्ड ब्रिक इन्डष्ट्री**



उद्योगः घोराही उपमहानगरपालिका- १२, सम्पर्कः ९८४७८६३४६२
डिपोः घोराही उपमहानगरपालिका-१५, स्वर्गद्वारी हल रोड, सम्पर्कः ९०८२-५६०६२९

## नेवा सप्लायर्स (प्रो. सन्तोष श्रेष्ठ)



घोराही-१५ तुलसीपुर चोक दाङ सम्पर्क : ९८५७८४०७६२, ९८१०९३९१००, ९८०१३५४६३१

हामी कहाँ LG, CG का TV, Refrigerator, Deep-freezer, washing machine, fan लगायत piago Brand र Black and Decker American Brand का किचनको सम्पुर्ण सामानहरु सुपथ मुल्यमा पाइन्छ र राप्ती मनकामना ग्याँस र ग्याँसका सम्पुर्ण Brand सामानहरु पनि पाइने जानकारी गराउँछौं ।



## गणेश ग्याँस सप्लायर्स

घोराही-१४ गणेश मन्दिरचोक दाङ सम्पर्क नं. ९८२२८५५००५